जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

# कृषि जर्नल

Agriculture Journal

मासिक

कृषि जर्नल २०८० असार (krishijournal–2023, (June-July)



दर्ता नं. कजिप्रकाद.नं. १३६/०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अर्थतन्त्रको आधार

# कृषि जर्नल
Agriculture Journal मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष-१९, अङ्क १०८ असार २०८०

## यस अङ्कमा


१. राज्यको मनसाय कृषिको विकास भन्दा आयातमै रमाउदै ३
२. दुग्ध क्षेत्रको दिगो विकास, आर्थिक समृद्धिको आधार ८
३. धान, मकै र गहुँबालीका लागि स्थानविशेष मलखाद प्रविधि सार्वजनिक १०
४. किसान आयोगको सुझाव कार्यन्वयन भएन १२
५. मुर्रा जातका राँगाभैसी किन विशेष, कसरी गरिन्छ नस्ल सुधार १३
६. पालिका प्रमुखहरुलाई नेपाल डेरी एशोसिएसनको अनुरोध १४
७. किसान महासंघको विज्ञाप्ति १५
८. कोदो अहिले विश्वभरि चर्चामा, नेपालमा चाहीं किन सधैं उपेक्षामा १६
९. नवौ राष्ट्रिय खाद्य तथा सम्मेलन २१
१०. राजधानीमा विश्व खाद्य दिवस २०२३ २२
११. मसिनो र बास्नादार धानको जात सुगन्धित धान(१) को चिनारी २४
१२. राष्ट्रिय दूध विकास बोर्ड खारेजीको २५

**13. Breaking the plastic cycle in agriculture 27**
**14. Fisherfolk in Peru preserve mangroves and ocean resources through ... 29**
**15. Increasing risk of hunger 30**
**16. A New Day: Q&A with the ..... 31**
**17.France champions ambitious call to fund IFAD to ensure long-term 32**
**18. World Food Programme's Executive Director Cindy McCain 34**








व्यक्तिगत मूल्य रु. १००/-
संस्थागत मूल्य रु. २००/-

**प्रकाशक :** कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
**सल्लाहकार :** कृष्ण कोपिला, डा.गिरीराजमणी त्रिपाठी, छविन्द्रराज कँडेल, डा.भरतबहादुर पाण्डे
**प्रबन्ध निर्देशक :** श्रीबहादुर खड्का, **प्रधान सम्पादक :** धनबहादुर मगर
**कार्यकारी सम्पादक :** सिताराम पराजुली, **सह-सम्पादक** हिरा पाण्डे (दिक्षा), रितु रुपाखेती
**कानुनी सल्लाहकार :** सरस्वती मानन्धर
**मुख्य कार्यालय :** बागबजार २८, टौखेल मच्छेगाउँ ९, चन्द्रागिरी नगरपालिका
**फोन :** ०१४२८८७४३, **मोवाईल नं.** ९८४१४४५७५३, **मुद्रण :** प्रिन्ट स्काई, भुरुङ्खेल, काठमाडौं
**website** : www.krishijournal.com.np, **इमेल** : krishijournal@yahoo.com

# रसायनिक विषादी प्रति सरकार किन मौन

सम्पादकीय



अहिले जलवायू परिवर्तन, कृत्रिम रसायन र विषादीले सबैभन्दा धेरै प्रभाव खेतीपातिमा परेको छ । भने यसले हाम्रो समग्र खाद्य प्रणाली नै तहसनहस हुने अवस्था सिर्जना भएको छ । यी सबैलाई समष्टिमा सम्वोधन गरि आम जनसमुदायको खाना र दैनिक जीवनको न्युनतम् आवश्यकता पूरा हुँदैन भन्ने कुरामा अब कुनै दुविधा छैन । यस अर्थमा यि सवालमा सम्वोधन नगरी हात बाँधेरे बस्न अब हामी कसैलाई सुविधा छैन ।

स्थानीय विशेषतामा आधारित रैथाने कृषि व्यवस्था उन्नत बनाउन नसक्दा खानेकुराको बन्दोवस्तमा पराधिन हुन परेको हो । खाद्य आयातबाट देश अहिले थलिएको छ । यसरी आयातित र पत्रु खाद्यान्नको समेत महँगो र अभाव समेत दिनदिनै बढीरहेको छ । यसले आम मानिसको दैनिक जीवनमा अझै कष्टकर बन्दै गईरहेको छ । खासगरि हाम्रा सामाजिक र राजनैतिक व्यवहारले छेउ पर्न वाध्य जनसमुदाय झनै अप्ठेरोमा परेका छन् । यस्तो समुदायमा मुख्यतया ग्रामीण भेगका खेतीपातिका ज्यालादार श्रमिक, किसानी गर्ने महिला, बालबालिका, दलित, जनजाति सडकमा रहेको मासिक शहरिया दैनिक ज्यादा मजदुरी साना व्यापारी र उद्यमीहरु छन् । आफूले रोजगारी र आम्दानी गुमाउँदै गएका यी समुदायको खाद्य संकट विकराल बन्दैछ ।

प्राकृतिक जैविक स्रोतमा प्रसस्त भएको देशको स्थानीय विशेषतामा आधारित कृषि नै प्राथमिकताका उत्पादन क्षेत्र हो । यसको बलियो जग विना कृषि उद्यमको विकास र कृषि औद्यौगिकीकरण कोरा कल्पना मात्र हो । तसर्थ सबैभन्दा पहिले कृषि उत्पादन बढाउने कुरो नै महत्वपूर्ण खुटिकलो हो । यसरी हेर्दा वाह्य दबाव र दुष्प्रभावबाट जोगाउँदै आज र भविष्यका सन्ततिको खानेकुराको बन्दोवस्त र दैनिक जीवनका अन्य आवश्यकता पूरा गर्न हाम्रो मौलिक कृषि अझ उन्नत बनाउने सबैको सुझबुझ र सार्थक प्रयत्नहरु महत्वपूर्ण छन् । यसर्थ खेतीपातीको दीर्घकालीन दिगो प्रणालीको मार्ग चित्र बनाउँदै तत्कालको खाना रोजगारी र आम्दानी बढाउनका लागि खेती पातीको बन्दोवस्त गर्न आजै देखि जुट्नु परेको छ ।

हाम्रो देशको एकीकृत कृषि ऐन अझै बन्न सकेको छैन । दुई वर्षदेखि कृषि ऐनको मश्यौदा बनाउने चर्चा भएपनि हालसम्म यो मश्यौदा कृषि व्यापार प्रवर्द्धन केन्द्रित मात्र छ । ५ वर्ष अघि कृषि मन्त्री चक्रपाणी खनालको अध्यक्षता बनेको प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यदलले सुझाएको नीति गर्न सुझाव र कृषि रणनीति परिमार्जन कार्यदलले दिएको सुझावका आधारमा कृषि विकास रणनीति परिमार्जन गरि एकीकृत कृषि ऐनको मश्यौदा बनाउनु पर्छ । यो सँगै खाद्य अधिकार तथा सम्प्रभुत्ता ऐनको कार्यन्वयनको लागि नियमावाली तत्काल बनाउनु पर्छ । ऐन बनाइए हालेमा विशेष गरि ऐन र नियमावाली मार्फत रसायनिक मल र विषादीको विषयमा प्रतिवन्धात्मक प्रावधान राख्न जरुरी छ ।

दुई वर्ष अगाडि नै उद्योग विभागले दलालका चाखमा अनुसूचीमा राखेको वैदेशिक सहायता सम्बन्धी प्रावधानलाई संशोधन गरि कृषि क्षेत्रमा प्रत्यक्ष लगानी भित्र्याउने बाटो खोलेको थियो । यस सम्बन्धमा परेको रिटमा आन्तरिम आदेश दिदै यो तत्कालको लागि रोक्ने लगाएको तर त्यसको फैसलामा सरकारले प्रस्तावमा अन्य आदेश दिनु नपर्ने भन्दै दलालको चलखेलमा सरकारको बचावत गरेको छ । ७५ प्रतिशत निर्यात गर्ने भन्ने कुरालाई मुख्य आधार बनाएर भित्र्याउन खोजिएको प्रत्यक्ष वैदेशिक लगानी विवादित भएसँग उद्योग विभागले यसलाई परिमार्जन गरेको छ । तर यो सार्वजनिक गरिएको छैन ।

विषादी प्रवर्द्धन नीति नबन्दै २०७६ विषादी ऐन बनेको छ । भरखरै मात्र जनस्वास्थ्य प्रतिष्ठानको अगुवाईमा विषादी प्रवर्द्धन नीति र नियमावालीको मश्यौदा बनाउने प्रयास भएको छ । नीति निर्माण प्राकृतिक संयन्त्र के हो ? यस्तो नीति बनाउने संसदको भूमिका समेत अन्यौल छ । सँगै यसले नीतिको मश्यौदा बनाउने कसले हो भन्ने गम्भीर प्रश्न उठेको छ ।

आयतित र स्थानीय उत्पादनमा समेत अत्यधिक विषादी भएकाले यसको मापदण्डको नियमावालीमा संसदमा छलफलका लागि प्रस्तुत भएको थियो । अहिले संसदीय समिति समेत नबनेको अवस्थामा मन्त्री परिषद्ले फेरि संसदीय समितिमा थप छलफलका लागि फिर्ता गर्ने निर्णय गरेर यो मापदण्डको कार्यविधिलाई टार्न खोजेको छ ।

विषादी मापदण्ड बनाउने कुरा मात्र गरेर भन्दा यस्तो विषको संगत गर्न नपर्ने तरिका अपनाउनु जोड दिनुपर्छ । खासगरि जैविक रोग तथा किरा नियन्त्रण सबैभन्दा सरल भरपर्दो विधा हो । यसको व्यापक प्रचार प्रसारको साथै रोगनाशक जैविक औषधी बनाउने प्रयोगशाला र उद्यम सञ्चालन गरिनुपर्छ ।

अहिले रासायनिक विषादीमा आधारित खेतीपाती गर्ने प्रविधि बढेको छ । सँगै अन्य मुलुकबाट आयत गर्नु पर्ने भएको र यसमा आपूर्ति समयमै नहुँदा सँधै मलको अभाव हुने गरेको छ । कोभिड पछि अन्तर्राष्ट्रिय बजारमै यसको मूल्य बढेको छ । मलको मन्दीसँगै सरकारले अनुदान कतौती गर्ने प्रस्ताव ल्याएको थियो व्यापक विरोध पछि यो निर्णय त फिर्ता भयो तर मल आउन भने सकेको छैन ।

विषादी प्रतिस्थापनमा राज्यले घच्घच्याउन छोडेको छ । आफै माटो विगार्ने रासायनिक मलको व्यापार गर्छ र आफै व्यापारी मार्फत जघन्य प्रकारको विषादीहरु ल्याएर सबभन्दा पहिलो भान्सामा पुग्ने तरकारी र फलफूलमा प्रयोग गरिएको वस्तु खुवाइन्छ । यसबाट स्वयम् ६५ प्रतिशत कृषिमा आवद्ध जनता , उपभोभोक्ता, सम्पूर्ण विषादीबाट मुक्त हुन सक्दैन ।

# राज्यको मनसाय कृषिको विकास भन्दा आयातमै रमाउदै

**धनबहादुर मगर :**

हामी सबैलाई थाहा छ । विगत ४ दशक देखि नेपालको कृषि क्षेत्र निरन्तर ओह्रालो यात्रामा छ । वहुसंख्याक युवाहरु किसान किसानीबाट घरबार नचलेर शहर हुँदै विदेश पलायन भएका छन् ।१० लाख हेक्टर भन्दा बढी खेतीयोग्य जमीन बाँझो भएको छ र यो हुने क्रम बढ्दै छ । खानेकुराको आयत र महँगी आकासिँदो छ । कोभिड(१९ले हाम्रो जीवनमा परेको प्रभावसँगै सतहमा आएको माटो, वातावरण र खाना र जीवनशैलीले जनस्वास्थ्यमा देखिएको समस्या निकै त्रासदीपूर्ण छन् ।



अहिले जलवायू परिवर्तन, कृत्रिम रसायन र विषादीले सबैभन्दा धेरै प्रभाव खेतीपातिमा परेको छ । भने यसले हाम्रो समग्र खाद्य प्रणाली नै तहसनहस हुने अवस्था सिर्जना भएको छ । यी सबैलाई समष्टिमा सम्वोधन गरि आम जनसमुदायको खाना र दैनिक जीवनको न्युनतम् आवश्यकता पूरा हुँदैन भन्ने कुरामा अब कुनै दुविधा छैन । यस अर्थमा यि सवालमा सम्वोधन नगरी हात बाँधेरे बस्न अब हामी कसैलाई सुविधा छैन ।

स्थानीय विशेषतामा आधारित रैथाने कृषि व्यवस्था उन्नत बनाउन नसक्दा खानेकुराको बन्दोवस्तमा पराधिन हुन परेको हो । खाद्य आयातबाट देश अहिले थलिएको छ । यसरी आयातित र पत्रु खाद्यान्नको समेत महँगो र अभाव समेत दिनदिनै बढीरहेको छ । यसले आम मानिसको दैनिक जीवनमा अझै कष्टकर बन्दै गईरहेको छ । खासगरि हाम्रा सामाजिक र राजनैतिक व्यवहारले छेउ पर्न वाध्य जनसमुदाय झनै अप्ठेरोमा परेका छन् । यस्तो समुदायमा मुख्यतया ग्रामीण भेगका खेतीपातिका ज्यालादार श्रमिक, किसानी गर्ने महिला, बालबालिका, दलित, जनजाति सडकमा रहेको मासिक शहरिया देनिक ज्यादा मजदुरी साना व्यापारी र उद्यमीहरु छन् । आफूले रोजगारी र आम्दानी गुमाउँदै गएका यी समुदायको खाद्य संकट विकराल बन्दै छ ।

हाम्रो जस्तो प्राकृतिक जैविक स्रोतमा प्रसस्त भएको देशको स्थानीय विशेषतामा आधारित कृषि नै प्राथमिकताका उत्पादन क्षेत्र हो । यसको बलियो जग विना कृषि उद्यमको विकास र कृषि औद्यौगिकीकरण कोरा कल्पना मात्र हो । तसर्थ सबैभन्दा पहिले कृषि उत्पादन बढाउने कुरो नै महत्वपूर्ण खुटिकलो हो । यसरी हेर्दा वाह्य दबाव र दुष्प्रभावबाट जोगाउँदै आज र भविष्यका सन्ततिको खानेकुराको बन्दोवस्त र दैनिक जीवनका अन्य आवश्यकता पूरा गर्न हाम्रो मौलिक कृषि अझ उन्नत बनाउने सबैको सुझबुझ र सार्थक प्रयत्नहरु महत्वपूर्ण छन् । यसर्थ खेतीपातीको दीर्घकालीन दिगो प्रणालीको मार्ग चित्र बनाउँदै तत्कालको खाना रोजगारी र आम्दानी बढाउनका लागि खेती पातीको बन्दोवस्त गर्न आजै देखि जुट्नु परेको छ । अहिलेको समसामयिकको कृषि सवालहरुको बारेमा छोटो चर्चा गरौं ।

**कृषि रणनीतिको परिमार्जन र ऐन निर्माण :**

हाम्रो देशको एकीकृत कृषि ऐन अझै बन्न सकेको छैन । दुई वर्षदेखि कृषि ऐनको मश्यौदा बनाउने चर्चा भएपनि हालसम्म यो मश्यौदा कृषि व्यापार प्रवर्द्धन केन्द्रित मात्र छ । ५ वर्ष अघि कृषि मन्त्री चक्रपाणी खनालको अध्यक्षता बनेको प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यदलले सुझाएको नीति गर्न सुझाव र कृषि रणनीति परिमार्जन कार्यदलले दिएको सुझावका आधारमा कृषि विकास रणनीति परिमार्जन गरि एकीकृत कृषि ऐनको मश्यौदा बनाउनु पर्छ । यो सँगै खाद्य अधिकार तथा सम्प्रभुत्ता ऐनको कार्यन्वयनको लागि नियमावाली तत्काल बनाउनु पर्छ ।

**आवधिक योजना तथा वार्षिक कृषि नीति, कार्यक्रम तथा वजेट :**

सरकारले बनाउने आवधिक योजनामा कृषि क्षेत्र सँधै प्राथमिकता हुन्छ । तर वार्षिक नीति र कार्यक्रम बनाउँदा यसको कुरा खोज्नु हुँदैन । नीति र कार्यक्रम विधिले नभै सरकार चलाउने पार्टी र गठवन्धनको आग्रहमा बन्छ । तर, यस्तो नीति र कार्यक्रम समेत वजेटको अभाव देखाउँदै नारामा मात्र सीमित हुँदै आएका छन् । सरकारले यसवर्ष कृषि क्षेत्रको वजेट थप घटाएको छ । यसले मुख्य साना किसान अनुदान र सहुलियतका कार्यक्रम प्रभावित भएका छन् । त्यसो त यस्तो कार्यक्रममा किसानको पहुँच भन्दा विचौलिया दलालको नियन्त्रण छ ।

अहिले सरकार अनुदान कार्यक्रम परिमार्जन मन्त्री परिषद्को निर्णय गर्ने र कृषि विकासमा कार्यक्रम प्रदेश र स्थानीय सरकारले मात्र सञ्चालन गर्ने संघले नीति निर्माण अनुमगन क्षमता अभिवृद्धि र पृष्ठपोषण मात्र गर्ने जानकारी गराएको छ तर दाताका परियोजना र विशेष कार्यक्रम नियन्त्रण भने संघले नै गरेको छ । संघीयताको मर्म अनुरुप सबै सरकारको संवैधानिक भूमिका र जिम्मेवारी अनुरुप कृषि प्रवर्द्धन गरिनु पर्छ ।

**वैदेशिक प्रत्यक्ष लगानी :**

दुई वर्ष अगाडि नै उद्योग विभागले दलालका चाखमा अनुसूचीमा राखेको वैदेशिक सहायता सम्बन्धी प्रावधानलाई संशोधन गरि कृषि क्षेत्रमा प्रत्यक्ष लगानी भित्र्याउने बाटो खोलेको थियो । यस सम्वन्धमा परेको रिटमा आन्तरिम आदेश दिदै यो तत्कालको लागि रोक्ने लगाएको तर त्यसको फैसलामा

सरकारले प्रस्तावमा अन्य आदेश दिनु नपर्ने भन्दै दलालको चलखेलमा सरकारको बचावत गरेको छ । ७५ प्रतिशत निर्यात गर्ने भन्ने कुरालाई मुख्य आधार बनाएर भित्र्याउन खोजिएको प्रत्यक्ष वैदेशिक लगानी विवादित भएसँग उद्योग विभागले यसलाई परिमार्जन गरेको छ । तर यो सार्वजनिक गरिएको छैन ।

प्रत्यक्ष विदेशी लगानी हाम्रा हातमा छैन । यस्तो हुनेमा मुख्यतया लगानीसँगै भित्रीने स्वामित्व प्राविधिक बजार माथि लगानी कर्ताको नियन्त्रण हो । यस्तो लगानीको दुष्प्रभाव कृषि क्षेत्रमा देखिई नसकेको भए पनि नेपालको जलस्रोत क्षेत्रमा देखिएको समस्याबाट यसको आंकलन गर्न सकिन्छ । नेपालको कृषि प्रवर्द्धनमा वैदेशिक लगानी भित्र्याएर प्रतिस्पर्धी बनाउनु भन्दा खानाका लागि खेतीपाती र तुलनात्मक लाभको कृषि उपजको उत्पादनमा जोडदिई मूल्य श्रृँखला अभिवृद्धिमा जोड दिनुपर्छ ।

**विषादी नियमन नीति, मापदण्ड, नियमावाली :**

विषादी प्रवर्द्धन नीति नबन्दै २०७६ विषादी ऐन बनेको छ । भरखरै मात्र जनस्वास्थ्य प्रतिष्ठानको अगुवाईमा विषादी प्रवर्द्धन नीति र नियमावालीको मश्यौदा बनाउने प्रयास भएको छ । नीति निर्माण प्राकृतिक संयन्त्र के हो ? यस्तो नीति बनाउने संसदको भूमिका समेत अन्यौल छ । सँगै यसले नीतिको मश्यौदा बनाउने कसले हो भन्ने गम्भीर प्रश्न उठेको छ ।

आयतित र स्थानीय उत्पादनमा समेत अत्यधिक विषादी भएकाले यसको मापदण्डको नियमावालीमा संसदमा छलफलका लागि प्रस्तुत भएको थियो । अहिले संसदीय समिति समेत नबनेको अवस्थामा मन्त्री परिषद्ले फेरि संसदीय समितिमा थप छलफलका लागि फिर्ता गर्ने निर्णय गरेर यो मापदण्डको कार्यविधिलाई टार्न खोजेको छ ।

विषादी मापदण्ड बनाउने कुरा मात्र गरेर भन्दा यस्तो विषको संगत गर्न नपर्ने तरिका अपनाउनु जोड दिनुपर्छ । खासगरि जैविक रोग तथा किरा नियन्त्रण सबैभन्दा सरल भरपर्दो विधा हो । यसको व्यापक प्रचार प्रसारको साथै रोगनाशक जैविक औषधी बनाउने प्रयोगशाला र उद्यम सञ्चालन गरिनुपर्छ ।

कृषि रासायनिक मल आयत र कारखानाको **प्रस्ताव :**

अहिले रासायनिक विषादीमा आधारित खेतीपाती गर्ने प्रविधि बढेको छ । सँगै अन्य मुलुकबाट आयत गर्नु पर्ने भएको र यसमा आपूर्ति समयमै नहुँदा सँधै मलको अभाव हुने गरेको छ । कोभिड पछि अन्तर्राष्ट्रिय बजारमै यसको मूल्य बढेको छ । मलको मन्दीसँगै सरकारले अनुदान कतौती गर्ने प्रस्ताव ल्याएको थियो व्यापक विरोध पछि यो निर्णय त फिर्ता भयो तर मल आउन भने सकेको छैन ।

यो सँगै नेपालमै कारखाना खोल्ने चर्चा भैरहेको छ । तर, यस्तो कारखाना बनाउनु नाफामूलक नभएर घातक समेत छ । तर पनि दलालको कारखाना खोल्ने प्रस्तावमा सरकारले ८० करोड मोटो वजेट छुट्याएको अवस्था छ । कारखाना खोल्नको लागि भारतीय कम्पनीसँग वार्ता समेत गरेको छ ।

रसायन माटोको लागि खतरनाक छ सँगै यसले उत्पादन बढाउने भन्दा माटो विषाक्त बनाउँदै जैविक तहसनहस भएको छ । तसर्थ विलम्व नगरी जैविक मल प्रवर्द्धन र विकासमा जोड दिनुपर्छ । यसतर्फ नयाँ जैविक तथा जिवाणु अभिवृद्धिका प्रविधि विकास भएको छ । यस्ता प्रविधिको सहायताले उन्नत जैविक मल बनाउने काममा किसानलाई सेवा तथा सहायता उपलब्ध गराउनु पर्छ ।

खाद्यान्नको विश्वव्यापी संकट र निर्यात **प्रतिवन्ध :**

अहिले रसिया र युक्रेन लडाईसँगै गहुँ र तेलको मुल्यवृद्धि भएको छ । सँगै विश्व खाद्यान्न बजारमा सबै खानेकुराको मूल्य बढिरहेको छ । प्रायः सबै देशहरुले आफ्नो खाद्य सुरुक्षा प्राथमिकतामा राखेको छैन । उदाहरणका लागि यस वर्ष हिउँदको खडेरी र युद्धको कारण देखाउदै भारतले गहुँ निर्यातमा रोक लगाएको छ । तर, हामी भने उत्पादन बढाउने भन्दा झनै आयतमा भरपर्दो भएका छन् । यसलाई गम्भीरतापूर्वक लिँदै यस्तो आयत निरुत्साहन तथा प्रतिस्र्थापनका ठोस योजना र कार्यक्रम बनाउनु पर्छ ।

भू-उपयोग, भूमि वितरण र बाँझो जमीन : भू-उपयोग नीति र ऐन बनेको छ । तर, यसको कार्यन्वयन प्रभावकारी भएको छैन । भूमि वर्गीकरणको मर्म र प्राथमिकता भन्दा भू-माफियाको चाखमा भूमिको वर्गीकरण गरिएको छ । यसले कृषि जमीन मासिदै जाने भएको छ । बाटो वरिपरि रहेको उत्पादनशील सम्म मैदान सबै जमीन कृषि बाहेकको प्रयोजनमा वर्गीकरण गरिएको पाइएको छ । त्यस्तै सकुम्वासी तथा भूमि आयोग निहित राजनैतिक स्वार्थबाट प्रेरित छन् । कार्यक्रम भर्ती केन्द्र बनेको यो आयोगले ५ लाख पूर्जा वितरणको घोषणा गरे पनि हालसम्म २०४१ पूर्जा मात्र वितरण गरेको छ । सँगै यस्तो पूर्जा वितरणमा वास्तविक भूमिहीन भन्दा आसपासको पहुँच बढी छ ।

बाँझो जमीन खनजोतलाई राष्ट्रिय अभियान बनाउँदै खेती गर्न चाहने किसानलाई जमीन सहज रुपमा उपलब्ध गराइनु पर्छ र यसको सहजीकरण स्थानीय सरकारले गर्नु सबैभन्दा उपयुक्त तरिका हो ।

निकट भविष्यको सवाल : कस्तो खेतीपाती : माथिका महत्वपूर्ण विषयसँग जलवायू परिवर्तन वातावरणीय ह्रास, विषादी माटो र जनस्वास्थ्यमा प्रतिकूल असर पारेको छ । यो सँगै नेपालले खेती प्रणालीका संरचनागत र स्थितिगत प्रश्नहरु संम्वोधन भएको छैन । यसको मुख्य कृषि भूमि वितरण र स्वामित्व, कृषि अनुसन्धान प्रसार शिक्षा र उद्यमशीलतामा लगानी सबै भन्दा खड्किएको सवाल हुने छ ।

सँगै कृषि बजार, वितरण प्रणाली, मूल्य निर्धारण, मौसमी र छोटो उत्पादन चक्र भएको अण्डा, मासु दूध, तरकारीजन्य खाद्यवस्तुको स्थानीय बजार वितरण प्रणाली नहुँदा तत्काल एकातिर किसानको उपज नबिक्ने र अर्कोतिर आम मानिसले खान नपाउने समस्या समेत बुझेको छ ।

नेपाल कृषि सम्पूर्ण अभियानमा यि र यस्तै खालको नीतिगत संस्थागत र अभ्यासगत तहमा थुप्रै समस्या तथा चुनौंतीहरु रहेका छन् । यि समस्या तथा चुनौंतीहरुको सम्वोधन गर्ने मुख्य जिम्मेवारी सरकारको हो । तर, यसका लागि सबै सरोकारवालाको सहयोग र दबाव चाहिन्छ ।

सबै कुराको ख्याल गर्दै खानेकुराको स्थानीय तहमै जोहो गर्न आवश्यक बन्दोवस्त मिलाउन ढिला हुँदै गएको महशुस भएको छ । तसर्थ खानेकुराको उत्पादन, वितरण र उपभोक्तालाई प्रभावकारी बनाउन र आम नागरिकको खाद्य अधिकार सुरक्षा र किसानीको सम्प्रभुत्ता कायम र संक्रक्रमणकालीन, मध्यकालीन र दीर्घकालीन खाद्य तथा कृषि रणीनीतिहरु आवश्यक भएका छन् ।

यस अर्थमा किसानको खेतबारी उत्पादनशील बनाउन, कृषि उपजको उचित मूल्य र बजार व्यवस्थित गर्न सामाजिक उद्यमी किसानलाई खेतीपातीमै कामगर्ने वातावरण बनाउन उपयुक्त नीति तथा कायक्रम ल्याउन

आवश्यक छ । यसको लागि बाँझो जमीन खनजोत, रैथाने कृषि प्रवर्द्धन । प्राथमिकता खाद्यको आयत प्रतिस्थापन, कृषि कर्ममा युवा तथा विद्यार्थीको परिचालन प्रभावकारी कार्यक्रम बनाउन किसानलाई वर्गीकरणका आधारमा सेवा तथा सुविधा उपलब्ध गराउने, स्थानीय स्रोत र आधारित जैविक खेती पद्धतिलाई दीर्घकालीन कृषि विकासको राष्ट्रिय सोँच बनाउँदै आजैदेखि यसतर्फको यात्रा तया गर्न चौतर्फी दवाव चाहिएको छ ।

**छलफलमा उठेका विषयहरु :**

किरण आचार्य संयोजक कृषि पत्रकार संघ समाधान सूचनाहरु कम भएको छ । कृषि क्षेत्रको सूचनाहरु कसैले कसैको अगुवाई गहिराई सम्म पुग्न कसैको प्रतिक्षा गरिरहेको महसुश भएको छ ।

नेपालको कृषि पत्रकारिता नेपालको कृषि क्षेत्र फेस ग्रुप बनाउने । लिंक गर्दिनु खाद्यका लागि अभियान कम्युनिकेशनमा रहौं । सञ्चारमा रहनु पऱ्यो । दिनमा एकवटा सहुलियत हुनुपऱ्यो । टिक(टक ट्वीटर छुट्याउनु हो । रहनु पर्छ र सञ्चारलाई कसरी सशक्त बनाउने ? बिग्रेको अवस्थामा मिडिया हो । फण्ड क्रियशन गरौं । विभिन्न एप्सहरु आएको छ त्यसलाई प्रयोग गर्न सकिन्छ । जसको बोध हुन्छ उससँग पैसा हुँदैन ।

राज्य ६ दशक अघि देखि करपोरेट कृषिमा लागेको छ । आलस जबर्जस्ती उम्रिन्छ । त्यसको खेती गर्दा किसानले मनगे आम्दानी गरेको पाइन्छ ।

०.५ प्रतिशत जमीनको आधार बनेको अवस्थामा कृषि बचाउने कि किसान बचाउने ?

जोनाको विभिन्न कार्यक्रममा सहभागी हुन्थ्यौं । अहिले पनि वैचारिक हिसाबले हामी सँगै छौं । माहोल त्यसै बनेको छैन निकै मिहिनेत गरेको थियो । किसान महासंघ त्यो स्थानमा पुग्नु जोनाको हात छ । अब त्यो माहोल बन्न सक्छ कि सक्दैन । समग्रमा विकास हिसाबले प्रशिक्षित गर्न नसकेको अवस्था छ म किसाननै गरिरहेको छु । २५ जिल्ला पुऱ्याएर महासंघको कार्यक्रम पुग्ने बेलासम्मका कुनै स्रोत थिएन भोकै शुरु भएको आन्दोलन थियो । र स्रोत सहितको मिशन आन्दोलनमा नपुग्ने हो की ।

अर्को बाटो प्राङ्गारिक कृषि सबैको जोड व्यवसायिक कृषिमा जो छ । पारिवारिक कृषिबाट सचेतना, धानमा आत्मनिर्भर भईसकेको छ । जमीन बाँझोको समस्या छ भन्ने कुरामा जोड दिनुपर्छ । जैविक प्रणाली सिद्ध भईरहेको छ । पारिवारिक सचेतना चलाउनु पर्छ ।

३० लाख हेक्टर जमीन ८७ लाख प्रणालीहरुको थल हुनुपर्छ । अन्तरनिर्भर स्रोत सहित र स्रोत रहितको आन्दोलन कसरी गर्ने ?

अनुदान लिएपछि धेरैले कृषि छोडेको छ । सरकार हाइब्रिड सूचीकृत गरेर बसेको छ । ५ पटक गाईको गर्भाधानको ५ पटक उल्टियो । कृषिमा गर्भाधान गराएको कारण गाई पाल्ने र ३ हजार ब्रिडरका लागि सरकारको स्रोत गएको छैन । कृषिका समस्याको समाधन कसरी गर्ने भन्ने हो । भूई मान्छेको मुद्दा कसरी समेत्ने । हामी भूईमा जानेकी मेरो लागि सम्भव छैन । स्याउ खसेको सबैलाई थाहा थियो । तर तल किन खसेको माथि किन जाँदैन भन्ने कसैलाई थाहा थिएन । अगाडि बढेको घडी उल्टा किन जाँदैन आर्कमिडिज अरबी राजाको भण्डारे थिए । आर्कमिडिजलाई आफै आर्कमिडिजको आयत र तौलको सिद्धान्तमा राम्रो ज्ञान थियो ।

सिएलडिपी परियोजनाले बजार बनाउन सहकारीलाई लगानी गऱ्यो । कोल्ड स्टोरहरु बनाए । सरकारी नीति बनाए । सबै अर्गानिक भनेर लाग्यो भने सरकार डुब्यो । तीन तहको स्रोत ६०/७० अर्ब वजेट विनियोजित भएको छ । कृषि संरचना १७ प्रतिशतको मात्र पहुँच छ । १ वटा पालिकामा १ वटा प्राविधिको राख्ने गरेको छ । ज्ञान केन्द्र मार्फत जागिर खुलाउन काम मात्र भएको छ । कृषि प्रसारको पुन संरचनाको आवश्यकता छ । दरवन्दी कायम गर्नु राम्रो हुन् ।

भारतमा ९० प्रतिशतले सेफ्टी टेङ्कीलाई मलको रुपमा प्रयोग गरेको छ । वायोमास प्रयोग गरेर स्रोतलाई कुहाउने सिस्टम बनाउनु पर्छ । गोठ सुधारको कार्यक्रम किन वजेट छुट्याउँदैन । ३ पटक सम्म रासायनिक मलको लागि ३८ अर्ब पुऱ्याउँदा पनि प्राङ्गारिक मलको वेवास्ता गरेर मलको विकल्पमा फेरि पनि रासायनिक मल आयात गरेको छ । आयतसँगै भएको मल पनि सदुपयोग गर्न सकेको छैन । कुन मोडेलमा कलम चलाउने ?

ऐन हरु चोर बाटोबाट बनाएको छ । मलको ऐन आएको छ । कृषिको छैन । एकीकृति कृषि ऐन बनाउने सवालमा सरकारी प्राङ्गारिक खेती भनेको आएको थियो चक्रपाणी खनाल कृषि मन्त्री हुँदा कृषि क्षेत्रमा विदेशी लगानी नपसोस् भनेर ल्याएका थिए ।

ऋहिले कृषकलाई दास बनाउने अवस्था आउन सक्छ निर्णय कार्यन्वयन नगर्न अदालतमा जाँदैछौ । १ भरोसा न्याय र सडक हुनसक्छ ।

**डा.कृष्ण पौडेल :** खाद्यका लागि कृषि अभियान पूर्व संयोजक तथा कृषि विज्ञ

पहिलो खानाको सुरक्षित हुनुपऱ्यो । २०१३ देखि शुरु गरेको हौं । अहिलेको उदाहरण हाम्रो यात्राको भविष्य के हो ? नेपाली सडकमा हिड्न नेपालीहरु मिटरव्याजी भुई मान्छे हो । खाना र खेतीपाती पदयात्रा नखाईकन जोशीलो बन्दैन ।

अशोक सिंह : राष्ट्रिय नेटवर्क भएको संस्था खाद्यका लागि कृषि अभियान कृषि सञ्चार सुधार गर्न करपोरेटसँग लड्ने नेटवर्क नै हो ।

धरातलीय प्राकृतिक खाना र खेतीपातीको कुरा जलवायू परिवर्तन जैविक विविधता हो । यही अवस्था रहिरहने हो भने ५० प्रतिशत खेती हुँदैन । ३० प्रतिशतले उत्पादन घट्छ । ३ डिग्री तापक्रम बढ्यो कोही रहँदैन । सेतो टेवलेट आएको कति वर्षभयो ? ६५ लाख घर परिवारले सेतो टेवलेट खोजेपछि जलवायू अनुकूलको १५८ देशको संक्रमणलाई स्वीकार्नु पर्छ । हाम्रो केटाकेटीको भविष्य छैन । विश्व व्यापी खेतपाती कस्तो हुनुपर्छ भनेर भारत पनि लागि रहेको छ ।

**माटो किन बचाउने ?**

हाम्रो देशमा ७० प्रतिशत जैविक विविधता छ । अर्थ व्यवस्था विविध बनाउँछौं । वायो फोर्टिफिकेशन गर्दा ८ टन बढी उत्पादन गऱ्यो । हामी विगत ४० वर्ष देखिनै केमिकलाईजेशन छौं ।

गोपाल आले महासचिव कृषि पत्रकार महासंघ तलसम्म पुग्न सकेको छैन । नीति निर्माणमा बस्नेहरुसँग पुस नगरेसम्म जतिसुकै कुरा गरे पनि केही हुन सक्दैन । ईच्छा किसानलाई पलायनबाट रोक्नु पर्छ थोरै प्रयास गर्नुपर्छ । न्यूजर रुपमा खुम्चिदै गएको छ । रिसोर्स गैर सरकारी संस्था लक्षित गर्नुपर्छ । थोरै ५ तरिकाले सम्भावना छ । लविङ्ग बढेको छ । भूकम्प हुन अगाडि ठूलो आन्दोलनमा सहभागी भयो ।

२०१७ साल देखि २२ सालमा भूमि सुधार प्रगतिशील देखिन्छ । मोहियानी समस्या छ । मोहियानीको संख्या १ लाख हुनुपर्छ । जसको जोत उसको पोत हुन सकेको छैन । ५२ वर्षदेखि दर्ता खुलेको छैन ।

किसान पहिचान, प्रत्येक पालिका सूचीकरण

गर्नु भन्दा वर्गीकरणको ठूलो महत्व छ । खाना र खेतीपाती जोगाउने हो भने ऋण लिएर गरिने बन्द गर्दा कृषि माथि उठ्न सक्छ । ५/१० वटागाई भैंसी पालेर उत्पादन नगरेको होइन । किसानले कृषिमा लगानी गरिरहेको छ । दर्ता गर्न पाउँदैन । स्थानीय निकायले दर्ता गर्दैन । इलामका किसानहरुले इलामको सन्दुपुरमा आलु उत्पादन गरिरहेको छ । तर, स्थानीय सरकारबाट सहयोग गर्दैन । ३८ अर्ब मल खरिद १७ अर्ब रसायनिक मलको लागि खर्च भईसकेको छ ।

हामीले गर्ने अभियान सरकारले मलमै प्राथमिकता दिईरहेको छ । वफर स्टक कति छ ? कोदो, चिनो, काउनो, प्रवर्द्धन भू( उपयोगको । सिग्रेडको उत्पादन भईरहेको छ । कोदोजन्य बाली वर्ष मनाईरहेको छ । ६५ लाख मेट्रिक टन धानको उत्पादन हुन्छ । सरकारले चैत्रे धानको प्रवर्द्धन गर्ने भनिए पनि समर्थन मूल्यका लिएर किसानको कहाँ पुग्दैन ।

**प्रमोद पौडेल :** कृषि अभियानकर्मी

कृषकहरुको के पाए । कृषि प्रधान देश भनेको छ । कुन चाहीँ वस्तु आत्मनिर्भर छौं । प्राथमिकता छैन । मान्छे भोकभोकै मरिरहेको छ । कृषकको राजनीतिक खाद्य सम्प्रभुत्ता सम्बन्धी ऐन समाजवाद उन्मूख अवस्था ३१ वटा मौलिक हक मध्ये खाद्य सम्प्रभुत्ता ऐन ल्याएको छ । नियमावाली ल्याएको छैन । कर्मचारीलाई लोड पर्छ भनेर होला । मन्त्रीले भनेको कर्मचारीले पनि मान्दैन । तरकारी फलफूलमा विषको मात्रा बढी छ ।

आधुनिक कृषि प्रणालीलाई कानुनै बनाएर भेटघाट गर्न कार्य गर्नुपर्छ ।

**मेनुका कार्की :** सञ्चार कर्मी :

तरकारी उठेन ७ अर्बको वजेट छुटाएको थियो । वजेट सरकारले प्रस्तुत गरेको खर्च गरिरहेको ४५ अर्ब छुट्याउने भनेको थियो । कृषि सहकारीहरुले कृषि गरिरहेको छ ? कार्य रिझाउने काम गरेको देखिन्छ । छरिएको वजेट जोडेर भएपनि आत्मनिर्भर बनाउन व्यवसायिक कृषिलाई जोड दिनुपर्छ ।

समय अनुसार चल्नु पर्‍यो नि । रासायनिक मल मात्र ४५० अर्ब छुट्याएको छ १० वर्षमा कृषि क्षेत्र कति लगानी भयो ?

**प्रशान्त केसी :** कृषि अभियानकर्मी : विषादी प्रयोगको कारण सर्प मरेको छ । स्थानीय बाली पछि हाइब्रिड धान लगाईएको थियो । किसानहरुले तरकारीमा विषादी प्रयोग गरिसकेका थिए । उसले भन्यो अहिलेसम्म गरेको त त्यही हो । मैले भने तपाईले तरकारीमा छर्केको विषादी पहिले तपाईको शरीर र छालालाई असर गर्छ । पहिलो शिकार आफै हन्छ । बजारसम्म आईपुग्दा कम हुन्छ ।

**रिना खत्री** : सह-सम्पादक विमा पोष्ट : कृषि विमामा लेख्नु पुर्ने पुऱ्याउने लिंक नै छैन । एकचोटी विमा गर्नेले दोस्रो पटक गर्दैन । भूकम्प आएपनि स्रोत आयो भूमिकरण हाम्रो विचारमा नेताको टाउकोमा भर्ने होकी हामी कमजोर भएकै कारण कमजोर भएको हो । नागरिक आन्दोलन अगाडि अगाडि बढाउनु पर्छ कोर टिम सिर्जना गर्नु तिर लाग्यौ ।

**छलफल कार्यक्रम :**

क) हस्तक्षेपकारी भूमिका निभाउनु पर्ने

ख) नागरिक समाजसँग सहकार्य बढाउनु पर्ने ।

ग) आन्दोलनको स्वरुपमा परिवर्तन गर्नु पर्ने ।

घ) दोब्बर आम्दानी गर्ने विषयमा कृषि क्षेत्रलाई लानु पर्ने ।

ङ) सम्मान सहितको कार्यक्रम बनाउनु पर्ने ।

च) कृषि सञ्चारलाई मूल प्रवाहमा समावेश गरिनु पर्ने ।

ट) जिम्मेवारीको बाँडफाँड गर्ने ।

२०८० बैशाख २२ गते खाद्यका लागि कृषि अभियानद्धारा आयोजित ललितपुरको छम्पीमा अवस्थित एडु फार्ममा कृषि क्षेत्रमा देखिएको समस्या र समाधान विषयमा सञ्चारकर्मीहरुसँग गरिएको अन्तरक्रिया कार्यक्रम

कार्यक्रमको संयोजन डा. सुजाता तामाङले गर्नु भएको थियो ।

# राजधानीमा कफी सम्मेलन

काठमाडौं, असार २ देखि ५ गतेसम्म काठमाडौंको नयाँ बजारस्थित सासा बकिटमा नेपालको कफि व्यवसायीहरुको सहभागीतामा राष्ट्रिय कफी सम्मेलन सम्पन्न भएको छ। कफी व्यवसायी महासंघका अनुसार नेपाली उद्यम(उद्योगसँग सम्बन्धित व्यवसायीहरूले आ(आफ्ना उत्पादन प्रदर्शन गरेका थिए। सम्मेलनमा आगन्तुकलाईलाई कफी पारखीहरुले अवलोकन गर्न प्रर्दशनी गरेका थिए।



कफीको उत्पादन, उपभोग तथा निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले उक्त सम्मेलन सम्पन्न गरेको हो।

सम्मेलनमा कफी क्षेत्रमा प्रयोग हुने मेसिनरी सामानहरू, रोस्टिङ प्रविधि र प्याकेजिङ्ग समानहरू, उत्पादकहरू, उपकरण निर्माताहरू, निर्यातकर्ताहरू र अन्य कफी उक्त सम्मेलनलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, युरोपियन युनियनको सहयोगमा सञ्चालित व्यापार तथा लगानी कार्यक्रममार्फत अन्तर्राष्ट्रिय व्यापार केन्द्र, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, नेपाल पर्यटन बोर्डको सहकार्यमा भएको थियो।

# नेपालको प्रमुख खाद्यान्न बाली धान

नेपालको प्रमुख खाद्यान्न बाली धानको उत्पादन वृद्धि एवं आधुनिकीकरण र व्यवसायिकीकरणलाई प्रवर्द्धन गर्न २० औं राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव सम्पन्न गरिएको छ। सरकारले यसवर्षको



धान दिवस तथा रोपाईं महोत्सवको नारा 'जलवायु अनुकूलित कृषकमैत्री प्रविधि, धान उत्पादनमा वृद्धि' तय गरेको छ।

औसत नेपालीको जीवन पद्दतिसँग जोडिएको धानको विविध महत्वलाई दृष्टिगत गरी यसको उत्पादन वृद्धि एवं आधुनिकीकरण र व्यवसायिकीकरणलाई प्रवर्द्धन गर्ने हेतुले वि.सं.२०६१ देखि नियमित रूपमा प्रत्येक वर्ष आषाढ १५ मा राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव मनाउने गरिएको छ।

जलवायु परिवर्तनको कारण धान खेतिमा बढ्दो नकारात्मक असरलाई न्यूनीकरण गर्न जलवायु अनुकूलित प्रविधिहरूको अनुसन्धान र विकास एवं उपलब्ध प्रविधिहरूको प्रचारप्रसार गरी तिनको अवलम्वन गर्न कृषक र अन्य सम्वद्ध पक्षहरू सचेत र जागरुक बनाई धान उत्पादन एवं उत्पादकत्व बढाउनु पर्ने सन्देश यस वर्षको नाराले दिएको छ।

यस वर्षको २०औं राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सवको उपलक्ष्यमा आषाढ १५ मा नेपाल कृषि अनुसन्धान परिषद् परिसर खुमलटारमा कृषि तथा पशुपन्छी विकासमन्त्री डा. बेदुराम भुसालको प्रमुख आतिथ्यमा सरोकारवालाहरू र स्थानीय कृषकहरूको सहभागीतामा धान रोपाईं कार्यक्रम सम्पन्न गरेको छ।

# नेपाली बीउ हराउन लागेकोमा व्यवसायीको चिन्ता

काठमाडौं बीउ विजन व्यवसायीले वार्षिक अबौंको बीउ विजन विदेशबाट आयात भए पनि त्यसलाई कम गर्न स्वदेशी उद्यमीलाई प्रोत्साहन नगरेको गुनासो गरेका छन्। नेपाल बीउ व्यवसायी संघको राजधानीमा सम्पन्न २४ औं वार्षिक साधारण सभामा बोल्ने वक्ताहरुले मौलिक बीउको जगेर्ना गर्नुको साटो विदेशी बीउमा बढी जोड दिइएकाले बीउको परनिर्भरताले मौलिक कृषि उपजसमेत हराउने खतरा रहेको बताए। कार्यक्रममा नेपाल सरकार कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयका सचिव डा.गोविन्दप्रसाद शर्माले २०५२ सालसम्म विदेशमा बीउ निर्यात हुने अवस्था भए पनि बेला सँधै मलखादको अभाव हुनु विडम्बनापूर्ण भएको गुनासो गरे। नियमन मात्र गर्ने तर प्रोत्साहन नगर्दा निजी क्षेत्र उत्साही बन्न नसकेको गुनासो गरे। 'सरकारले निजी क्षेत्रलाई पनि प्रोत्साहन भन्दा नियमन बढी गर्छ,' 'नियमनसँगै प्रोत्साहन पनि जरुरी छ, त्यसो भए मात्र उद्यमशीलता बढ्छ।'

कार्यक्रममा कृषि विकास महाशाखाका सह सचिव राजेन्द्रप्रसाद मिश्रले कार्यपत्र प्रस्तुत गर्दै नयाँ वजेटमा व्यवसायीका गुनासा सम्वोधन गर्न प्रयास गरिने बताए। नेपाल कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशक दीपक भण्डारीले खाद्य सुरक्षाका लागि नीजि क्षेत्रलाई अधिकार दिन तयार रहेको बताए। संघका अध्यक्ष बसन्तचन्द्र मरहाले देशमा कृषिको विकासका लागि बीउ विजनको सहज उपलब्धता अनिवार्य शर्त भएकाले स्वदेशी उद्योगी तथा व्यवसायीलाई सहज वातावरण



तयार गरिदिन आग्रह गरे।

अहिले कृषि उपजसम्म बाहिरबाट आयात हुने अवस्था आएको भन्दै आत्मनिर्भरतामा देश पछि परेको गुनासो गरे। व्यवसायीसँग हामी हातेमालो गर्न तयार छौं। तर, कृषिमा आत्मनिर्भरताका लागि व्यवसायिक पहल हुनुपर्छ।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष अञ्जन श्रेष्ठले किसानलाई प्रोत्साहन गर्ने सरकारी नीति नभएको भन्दै खेतीपातीका

संघका महासचिव स्वदेशमा बीउ विजनका लागि अनुसन्धानमा ठूलो लगानी गर्न निजी क्षेत्र सक्षम नभएको भन्दै सरकारसँग सहायता माग गरेका छन्। संघका उपाध्यक्ष वैकुण्ठनाथ मिश्रले कृषिमा आत्मनिर्भरता बढाउन देश बीउमा पनि आत्मनिर्भर हुनुपर्ने भन्दै स्वदेशी बीउको गुणस्तर वृद्धिका लागि राज्यबाट साथ आवश्यक रहेको बताए।

# दुग्ध क्षेत्रको दिगो विकास, आर्थिक समृद्धिको आधार

"दुग्ध क्षेत्रको दिगो विकास, आर्थिक समृद्धिको आधार"
विश्व दूध दिवस, २०८०
प्रेस विज्ञप्ती

**१. परिचय :**

विश्वमा दुग्ध क्षेत्रले पोषण तथा खाद्य सुरक्षण एवं जिविकोपार्जनमा पुऱ्याएको योगदानको मनन गर्दै दूधको उपभोगमा वृद्धि गर्न संयुक्त राष्ट्रिय संघको खाद्य तथा कृषि संगठन ९ँब्इ० ले जुन १, २००१ बाट विश्व दूध दिवस मनाउन शुरु गरी २३ औं अन्तर्राष्ट्रिय विश्व दूध दिवस, व्वलभ ज्ञ, द्दण्द्दघ विश्वभर विभिन्न कार्यक्रमहरु गरी मनाइने भएको छ । आम जनताले दूधको उपभोग गर्न चेतना फैलाउने उद्देश्यले नेपालले पनि सन् २०११ बाट विश्व दूध दिवस मनाउन शुरु गरेको हो ।

केन्द्रियस्तरमा विश्व दूध दिवस, २०८० राष्ट्रिय दुग्ध विकास बोर्डको संयोजकत्वमा सरोकारवाला निकायहरु पशु सेवा विभाग, दुग्ध विकास संस्थान, केन्द्रिय दुग्ध सहकारी संघ लि., नेपाल डेरी एशोशिएसन, डेरी उद्योग संघ, केन्द्रिय पशुपन्छी मत्स्य सहकारी संघ लि.तथा नेपाल डेरी साईन्स एशोशिएसनको सहयोगमा बालवालिका तथा वृद्धाश्रमका वृद्धवृद्धालाई दुग्धपान, दुग्ध क्षेत्रमा योगदान पुऱ्याउने विशिष्ठ महानुभावलाई सम्मान कार्यक्रम, सम्मेलनमार्फत विश्व दूध दिवसको शुभकामना आदन प्रदान आदि कार्यक्रम गर्ने तय भएको छ । सातै प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश दुग्ध विकास बोर्ड, पशु सेवा विज्ञ केन्द्र, जिल्ला दुग्ध उत्पादक सहकारी संघ, दुग्ध उत्पादक सहकारी संस्था, दुग्ध उद्योग लगायतका सरोकारवाला निकायहरुले विश्व दूध दिवस विभिन्न कार्यक्रमहरु गरी मनाउने भएको छ ।

**२. उद्देश्य :**

दैनिक गुणस्तरीय दूध पिउन जनचेतना जगाउने ।

पोषणयुक्त दूध तथा दुग्ध पदार्थको उपभोग वृद्धि गर्न प्रचार प्रसार गर्ने ।

दूध तथा दुग्ध पदार्थको गुणस्तर कायम गर्न जनचेतना जगाउने ।

दूध तथा दुग्ध पदार्थको उपभोगमा सबैको पहुँच पुऱ्याउन पहल गर्ने ।

दूध तथा दुग्ध पदार्थको उपभोग मार्फत खाद्य पोषण सुरक्षणमा सुनिश्चित गर्न सहयोग पुऱ्याउने ।



**३. कार्यक्रम :**

जेठ १६ गते : मिडिया रिपोर्टस क्लव मार्फत (पत्रपत्रिका, एफ.एम, विद्युतीय माध्यम) मार्फत प्रचार प्रसार ।

जेठ १७ गतेः नेपाल डेरी एशोशियसनले नवीकरण आश्रमका बालवालिका, ललितपुरमा दूध तथा दुग्ध पदार्थ वितरण कार्यक्रम । नेपाल डेरी एशोशियसन बागमती प्रदेशले सोही आश्रमका बालवालिकाको पढाई र खानपिनका लागि रु. १ लाख हस्तान्तरण कार्यक्रम ।

जेठ १८ गतेः डेरी उद्योग संघले आमाघरका वृद्धि वृद्धाहरुलाई कालिमाटीमा बिहान दूध तथा दुग्ध पदार्थ वितरण कार्यक्रम । सोही दिन दिउँसो १ बजे कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्रीज्यू एवं श्रीमान् सचिवज्यूको समउपस्थितिमा विश्व दूध दिवस समारोह एवं दुग्ध क्षेत्रमा योगदान पुऱ्याउने विशिष्ठ व्यक्तिहरुको सम्मान कार्यक्रम ।

**४. दूधको महत्व :**

दूध विभिन्न पोषकतत्वहरु (प्रोटिन, चिल्लोपदार्थ, ल्याक्टोज, खनिजपदार्थ, भिटामिन) मिली बनेको हुन्छ । मानव जीवनमा दूधको महत्व निम्न अनुसार रहेको छ ।

-खाद्य पोषणः शरीरिक वृद्धि विकास, दैनिक क्रियाकलाप, मेटावोलिक क्रियाकलाप, उत्पादन एवं प्रजनन् क्षमताको विकास गर्न अत्यावश्यक प्रोटिन, ल्याक्टोज, चिल्लो पदार्थ, खनिजपदार्थ तथा भिटामिन पौष्टिक पदार्थ दूधमा पाइन्छ । खाद्य पोषणको अभावमा ९:बा( लगतचष्तष्यल० बाल बालिकाको शारीरिक वृद्धि नहुने, उमेर अनुसारको तौल नपुग्ने, प्रजनन् क्षमतामा ऱ्हास आउने जस्ता लक्षणहरु देखिन्छन् । ३ प्रतिशत चिल्लो पदार्थ एवं ८ प्रतिशत एस.एन.एफ.भएको १०० ग्राम प्रशोधित दूधले करिव ६० क्यालोरी शक्ति प्रदान गर्दछ ।

-स्वास्थ्य उपचारः उचित खानपानको अभावको कारण शरीरमा प्रायः क्यालसियमको कमी भई हाड कमजोर हुने गरेको पाइएको छ । चिकित्सकहरुले क्यालसियम युक्त औषधीको सेवन गर्ने सिफारिसका साथै नियन्त्रणका लागि नियमित दूधको सेवन गर्ने समेत सल्लाह दिन्छ ।

-स्वादिष्ट भोजनः माछा मासुको ठाउँमा दूधको सेवन उत्तम भोजन मानिएको छ । दूधले पोषण प्रदान गर्नुका साथै चिल्लो पदार्थले खाद्य पदार्थलाई सुगन्धित एवम् वास्नादार बनाउँदछ ।

-प्रतिरक्षा प्रणालीको विकासः जिवाणु, विषाणु तथा शरीरलाई हानी गर्ने कारकतत्वको विरुद्ध लड्न शरीरको प्रतिरक्षा प्रणालीले गर्दछ । प्रतिरक्षा प्रणालीले एन्टिजेनको विरुद्ध लड्नुका साथै शरीरलाई रक्षा गर्दछ । दूधको सेवनले

रोग विरुद्ध लड्ने शक्ति प्रदान गर्दछ । दूधको सेवनले स्वस्थ र तन्दुरुष्ट हुने पोषणविद लगायत चिकित्सा विज्ञ समेतको एउटै मत रहेको छ ।

-सन्तुलित आहारः नवजात शिशु (६ महीनासम्म)को लागि आमाको दूध एक सन्तुलित, पूर्ण खाद्यपदार्थ हो । शारीरिक वृद्धि विकासमा आमाको दूध पर्याप्त हुन्छ । हरेक उमेर, तह र तप्काका व्यक्तिहरुलाई दूध एक

खपत,

बाँकी करिव ५०५ दूध कृषकहरुद्वारा उपभोग,

९. दूध तथा दुग्ध पदार्थको आयात, निर्यात (रु.हजारमा)

आ.व. २०७५/७६ आ.व. २०७६/७७ आ.व.२०७७/७८ आ.व.२०७८/७९

आयात निर्यात आयात निर्यातरआयात

१२२८३५६ १६७१८३६ १९६५०४६ १८१५५०३ २९७९४३८

https://www.customs.gov.np/page/fts-fy-2074-78 ( Date of citation 2023-05-21, PM)

दूध तथा दुग्ध पदार्थको आयात निर्यातको तुलना गर्दा आ.व.२०७७/७८ मा व्यापार नाफा भएको देखिन्छ आ.व.२०७८/७९ मा तुलनात्मक रुपमा अत्यधिक नाफा भएको पाइन्छ । अरवौ रुपैँया वरावर छुर्पीको निर्यात प्रवर्द्धनको कारण व्यापार नाफामा सहयोग पुगेको छ ।

५. दूध उत्पादन

| क्र.स. | विवरण | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०८९ |
|---|---|---|---|---|---|---|
| १. | दूध दिने गाई | १०३९५३८ | १०७८७७५ | ११६६१५६ | १२०९०४१ | १२२३०६१ |
| २. | दूध दिने भैंसी | १५३५९४८ | १५६०५८४ | १६३५४९२ | १६३०६४२ | १६६६८२७ |
| ३. | गाईको दूध (मे.टन.) | ७५४१२६ | ७९५५३० | ९२०४०० | १०६०४८७ | ११०१८१२ |
| ४. | भैंसीको दूध (मे.टन.) | १३३८२७७ | १३७२९०४ | १३८०६०० | १४१९४१२ | १४६४८०२ |
| ५. | कूल दूध उत्पादन (मे.टन.) | २०९२४०३ | २१६४४३४ | २३०१००० | २४७९८९९ | २५६६६१४ |
| ६. | प्रति वेत गाईको दूध (लिटर) | ७३५.४४ | ७३७.४४ | ७८९.२६ | ८७७.१३ | ९००.८६ |
| ७. | प्रतिवेत भैंसीको दूध (लिटर) | ८७१.३० | ८७९.७४ | ८४४.१५ | ८७०.४० | ९८७.८० |
| ८. | प्रतिशत उत्पादन वृद्धि दर | २.९८ | ३.६३ | ६.११ | ७.७४ | ३.४९ |
| | औषत वार्षिक दूध वृद्धि ४.७९ | | | | | |

Source: Agriculture and Livestock Diary ( 2023)

क्र.स. विवरण DDC NDA DA Ice-cream industry Total

उत्तम खाद्यपदार्थ हो । "दैनिक

ज्ञ धुलो दूध (मे.टन) छण टठ डघ डघ द्दडघ

द्द वटर (मे.टन) 33 50 50 - 133

नोटः धुलो दूधको वार्षिक माग करिव ३६०० देखी ४००० मे.टन) स्रोतः दुग्ध उद्योगहरु, बैशाख, २०८०

विराटनगर दुग्ध वितरण आयोजना अन्तर्गतका धुलो दूध कारखाना, चितवन धुलो दूध कारखाना, सुजल धुलो दूध कारखाना (पोखरा) तथा खरीपाटी धुलो दूध कारखाना तथा सूर्योदय मिल्क एण्ड विभरेज ईण्डष्ट्री प्रा.लि.(विराटनगर) सञ्चालनमा रहेकाले प्रयाप्त दूधको आवश्यकता पर्दछ । हेटौडा धुलो दूध कारखाना तथा सुनसरी धुलो दूध कारखाना हाल निर्माणधिन अवस्थामा रहेको छ । डेरी फर्महरु सञ्चालन गरी दूधको माग तथा आपूर्तिमा सहज पुग्ने देखिन्छ ।

**८. दूधको बजार अवस्था :**

बन्दाबन्दि अघिको दूधको बजार :

कुल उत्पादनको करिव १७५ मात्र औपचारिक क्षेत्रबाट खरीद बिक्री,

कुल उत्पादनको करिव ३३५ निजी स्तरमा मिठाई पसल, चिया पसल, लज/रेष्टुरेन्टमा

निर्यातरआयात निर्यात

१६०८१९६ १०५२८७६ २०३५१५७

६. औपचारिक क्षेत्रमा दूधको माग तथा आपुर्ति (दैनिक लि.)

| क्र.स. | विवरण (मे.टन) | म्म्ञ्ञ | ल्ब | म्ब | त्यतबी |
|---|---|---|---|---|---|
| ज्ञ | बजारको माग | ज्ञण्छ | घछण | छण्ण | ढछछ |
| द्द | कच्चा दूध संकलन | ठठ | द्दछण | घण्ण | टद्दठ |
| घ | अपुग | द्दड | ज्ञण्ण | द्दण्ण | घद्दड |

श्रोतः दुग्ध उद्योगहरु, बैशाख, २०८०

७. धुलो दूध (दुग्ध पाउडर) तथा वटरको माग (प्रति महिना)

गुणस्तरीय प्रशोधित दूध सेवन, स्वस्थ्य जीवण" सबवैले मनन गरौं ।


कृषि उत्पादनमा वृद्धि र सहजता,
कृषि यान्त्रीकरणको प्रवर्द्धन र उपयोगिता देश आत्मनिर्भरताको मूल आधार, कृषि विकासमा नविनम् सुधार
कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र
( CAIDMP)

# धान, मकै र गहुँबालीका लागि स्थानविशेष मलखाद प्रविधि सार्वजनिक

ललितपुर जेठ ३० सरकारले प्रमुख खाद्यबाली धान, मकै र गहुँका लागि स्थानविशेष मलखाद प्रविधि सार्वजनिक गरेको छ। नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्रले सार्वजनिक गरेको स्थानविशेष मलखादको नयाँ प्रविधि



किसानहरूलाई सिफारिस गरिएको छ।

केन्द्रसँगै अमेरिकी सहयोग नियोग (यूएसएआईडी) र नेपाल बीउ तथा मल परियोजनाको प्रयासबाट मलखादसम्बन्धी यो प्रविधि विकास गरिएको छ।

यो नयाँ मलखादको सिफारिस गर्दा माटोको उर्वरताको अवस्था, सिँचाईंको उपलब्धता र बाली उत्पादनको सम्भावनालाई समेत विचार गरिएको छ। यी सिफारिसहरू राष्ट्रिय कृषि अनुसन्धान प्रणालीमा संलग्न माटो वैज्ञानिकहरू र बाली विज्ञसमक्ष प्रस्तुत गरी राष्ट्रियस्तरको प्रमाणीकरण बैठकहरूबाट प्रमाणीकरण गरिएको केन्द्रका प्रमुख शिवप्रसाद विष्टले बताए। विष्टका अनुसार बालीको उचित अवस्थामा आवश्यक मलखादको मात्रा सही तरिकाले प्रयोग गरी बालीको उत्पादन र उत्पादकत्व दिगो रूपमा वृद्धि गर्नसके नेपालको कृषि क्षेत्रलाई जीवन्त राख्न सकिन्छ।

नेपालमा सन् १९७६ मा पहिलो पटक कृषि विभाग अन्तर्गतको माटो विज्ञान तथा कृषि रसायन विज्ञान महाशाखाद्वारा विभिन्न बालीका लागि मलखादको मात्रा सिफारिस गरिएको थियो। उक्त सिफारिसमा माटोको जैविक तथा भौतिक अवस्था र कृषि व्यवस्थापन (बालीका प्रजातिहरू)को अवधारणामा आधारित नभएर एकरूपता मानी सिफारिस गरिएका मलखादका मात्राहरू हालसम्म किसानले प्रयोग गरिरहेका छन्। धानबालीका लागि पूर्वी तराईका झापा, मोरङ र सुनसरी, मध्य तराईका पर्सादेखि सप्तरीसम्म, पश्चिम तराईको रूपन्देही, कपिलवस्तु र परासी, सुदूरपश्चिमको बाँकेदेखि कञ्चनपुरसँगै भित्री मधेश

*उक्त सिफारिसमा माटोको जैविक तथा भौतिक अवस्था र कृषि व्यवस्थापन (बालीका प्रजातिहरुको अवधारणामा आधारित नभएर सम्पूर्ण देशलाई एक रुपता मानी सिफारिस गरिएका मलखादका मात्राहरु हालसम्म किसानले प्रयोग गरिरहेका छन्।*

दाङ, सुर्खेत, चितवन, मकवानपुर र नवलपुर तथा पहाडी क्षेत्र र वर्णशंकर जातका लागि सबै क्षेत्रमा विभिन्न मापदण्ड निर्धारण गरिएको छ।

उक्त सिफारिस हरेक बालीका लागि सिफारिस गरिएको मलखादको मात्रा तराई, पहाड र हिमाली भेगका लागि समान भएको त्यसलाई परिमार्जन गरि प्रविधि प्रकाशनमा ल्याइएको छ।

हाल सघन बाली प्रणाली, उच्च पोषकतत्व चाहिने उन्नत प्रजातिहरू र अन्य कारणले माटोको उर्वराशक्तिमा छिटो परिवर्तन हुने भएकाले माटोबाट पूर्ति हुने पोषकतत्व, बालीको उत्पादन लक्ष्य र बाली काट्ने समयमा बालीले लिएको पोषकतत्वको मात्रालाई ध्यानमा राखी मलखाद सिफारिस अद्यावधिक गर्दै जानुपर्ने देखिएको छ।

स्थानीयस्तरमा माटोको उर्वराशक्ति र हालको धान, मकै र गहुँबालीको उत्पादनलाई ध्यानमा राखेर स्थानविशेष मलखाद सिफारिसहरूलाई अद्यावधिक गर्ने कार्य सम्पन्न भएका छन्।

भौगोलिक क्षेत्रअनुसार फरक(फरक मापदण्ड सिफारिस :

राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्रले विभिन्न स्थानमा गरेका मल परीक्षणबाट उपलब्ध सबै तथ्याङ्कहरूको समीक्षा गर्न र तथ्याङ्कमा कमी भएका क्षेत्रमा प्रमाणीकरण परीक्षणहरू सञ्चालन गर्न 'एक मलखाद सिफारिस समिति' गठन गरेको थियो। उक्त समितिले स्थानविशेषका लागि मलखाद सिफारिस गर्न आवश्यक रूपरेखा तयार गरी देशका विभिन्न कृषि क्षेत्रहरू/डोमेनहरूमा मलखाद सिफारिसका लागि खेतबारीमा गरिएका मलखाद परीक्षणका नतिजाहरूलाई त्तगबलतष्तबतष्खभ भ्खबगिबतष्यल या तजभ ँभचतषष्तिथ या त्चयउष्अबा क्यषकि ९त्तगभ्ँत्क० मोडेलिङको सहायताले एक्स्ट्रापोलेट गरी प्रमुख खाद्यान्न(धान, मकै र गहुँबालीका लागि नयाँ मलखादको मात्रा सिफारिस गरिएको विष्टले बताए।

धानबालीका लागि पूर्वी तराईका झापा, मोरङ र सुनसरी, मध्य तराईका पर्सादेखि सप्तरीसम्म, पश्चिम तराईको रूपन्देही, कपिलवस्तु र परासी, सुदूरपश्चिमको बाँकेदेखि कञ्चनपुरसँगै भित्रि तराईका दाङ, सुर्खेत, चितवन, मकवानपुर र नवलपुर तथा पहाडी क्षेत्र र वर्णशंकर जातका लागि सबै क्षेत्रमा विभिन्न मापदण्ड निर्धारण गरिएको छ।

जसमा प्राङगारिक र रासायनिक मलको मिश्रणको मापदण्ड छ। मकै, धान तथा गहुँमा समान भौगोलिक क्षेत्र रहेका छन्। माटोमा भएको खाद्यतत्वको अवस्था र माटोको प्रकारअनुसार पनि सिफारिस मात्रा फरक(फरक रहेका छन्।

खासगरी, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग र नेपाल कृषि अनुसन्धान परिषद (नार्क) अर्न्तगतको राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्रले सोमबार एक कार्यक्रमका बीच धान, गहुँ र मकैबालीको स्थान विशेषका आधारमा मलखाद प्रविधिको विमोचन गरिएको थियो।

कृषि तथा पशुपन्छी विकास मन्त्री बेदुराम भुसालको प्रमुख आतिथ्यतामा सम्पन्न प्रविधि विमोचन तथा पत्रकार सम्मेलनमा नार्कका वैज्ञानिक बुद्धिराम चौधरीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारे ।

धान, गहुँ र मकैबालीको लागि स्थान विशेष मलखाद प्रविधिले कृषियोग्य जमीनको उर्वराशक्ति बढ्ने, उत्पादकत्वमा समेत महत्वपूर्ण भूमिका खेल्ने बताए ।

सन् १९७६ मा नेपालमा पहिलो पटक कृषि विभाग अर्न्तगतको माटो विज्ञान तथा कृषि रसायन विज्ञान महाशाखाद्धारा विभिन्न बालीको लागि मलखादको मात्रा सिफारिस गरिएको थियो । उक्त सिफारिसमा माटोको जैविक तथा भौतिक अवस्था र कृषि व्यवस्थापन (बालीका प्रजातिहरु)को अवधारणामा आधारित नभएर सम्पूर्ण देशलाई एक रुपता मानी सिफारिस गरिएका मलखादका मात्राहरु हालसम्म किसानले प्रयोग गरिरहेका छन् ।

उक्त सिफारिस हरेक बालीको लागि सिफारिस गरिएको मलखादको मात्रा तराई, पहाड र हिमाली भेगका लागि समान थियो । वर्तमान अवस्थामा सघन बाली प्रणाली, उच्च पोषकतत्व चाहिने उन्नत प्रजातीहरु र अन्य कारणले माटोको उर्वराशक्ति छिटो परिवर्तन हुने भएकाले माटोबाट पूर्ति हुने पोषकतत्व, बालीको उत्पादन लक्ष्य र बाली काट्ने समयमा बालीले लिएको पोषकतत्वको मात्रालाई ध्यानमा राखी मलखाद सिफारिस अद्यावधिक गर्नुपरेको चौधरीले बताए ।

सो अवसरमा कृषि तथा पशुन्छी विकास मन्त्री बेदुराम भुसालले मकैंको बोटमा पानी हालेर कार्यक्रमको उद्घाटन गरेका थिए ।

कार्यक्रममा मन्त्री भुसालले मुख्य बालीहरुको लागि स्थान विशेषका आधारमा मलखादको प्रयोग गर्ने प्रविधिले कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा उल्लेखनीय भूमिका खेल्ने बताए ।

किसानलाई दिने अनुदानित रासायनिक मल गैर(किसान वा गैर(कृषि क्षेत्रमा पनि प्रयोग गर्ने ट्रेण्ड बढेकाले किसानले समयमै मल पाउन नसकेको भनाई थियो । गैर किसानमा रासायनिक मल जाँदा अभाव बढेकाले त्यसलाई नियन्त्रण गर्नुपर्ने बताए ।

यता, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव (कृषितर्फ) डा.गोविन्दप्रसाद शर्माले यस वर्ष रासायनिक मल अभाव नहुने बताए । आगामी वर्षको बजेटबाट स्रोत सुनिश्चितता गरि मल खरीद प्रक्रिया अघि बढाएको र कृषि सामग्री कम्पनीको टेण्डरबाट पनि मल खरीद भइरहेकाले मल अभाव नहुने बताए । मल वितरणको मापदण्ड बनाइएकाले स्थानीय तहमार्फत सम्बन्धित एग्रो फार्म वा सहकारीमार्फत तोकिएको मूल्य र परिमाणमा किसानले मल पाउने डा.शर्माले बताए ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशुतर्फ) सचिव डा.दिपककुमार खरालले मुख्य बालीको स्थान विशेषका आधारमा मलखाद प्रयोगसम्बन्धी प्रविधिले माटो र उर्वराशक्तिमा पनि वृद्धि गर्न सहयोग पुर्‍याउने बताए ।

# पोल्ट्री व्यवसाय बचाउन नीतिको आवश्यक

धरासायी अवस्थामा रहेको पोल्ट्री क्षेत्रलाई लयमा ल्याउन नीतिगत गृहकार्य आवश्यक रहेको नेपाल अण्डा उत्पादक संघले बताएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा पुष्पकमल दाहालसँग भेटवार्ताको क्रममा शनिबार नेपाल अण्डा उत्पादक संघका केन्द्रीय अध्यक्ष शिवराम केसीले धरासायी रहेको पोल्ट्री क्षेत्रलाई लयमा ल्याउन नीतिगत गृहकार्य आवश्यक रहेको बताउनुभएको हो ।

केही दिन अघि चितवनमा भएको पोल्ट्री व्यवसायी शंकर कंडेलको मृत्यु प्रकरणलाई स्मरण गर्दै अध्यक्ष केसीले अन्य व्यवसायीलाई बचाई राख्ने जिम्मा सरकारको भएको बताउनुभयो ।



अन्य पोल्ट्री व्यवसायीलाई बचाइराख्ने हो भने सरकारले छिटो नीतिगत गृहकार्य शुरु गरोस् अन्यथा कँडेल प्रतिनिधि पात्र मात्र हुन् अन्य व्यवसायीले पनि सो कदम उठाउने स्थित आउन सक्छ ।

जवाफमा प्रधानमन्त्री दाहालले सरकार यस विषयमा गम्भीर रहेको बताउनुभयो ।

यस अघि अण्डा उत्पादक संघले गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई भेटेर पोल्ट्री व्यवसायलाई माफियाबाट बचाए पोल्ट्री व्यवसायी टिकिराख्ने अवस्था बन्ने भनाई राख्नुभएको थियो । व्यवसायीलाई भारतीय बजारसँग भन्दा पनि माफियासँग खतरा रहेको अध्यक्ष केसीको भनाई थियो ।

मिटरव्याजीको लागि सरकारले जति गम्भिर भएर काम गरिरहेको छ, त्यो भन्दा बढी गम्भिर पोल्ट्री व्यवसायलाई माफियाबाट बचाउन हुनुपर्ने अवस्था आएको छ ।

मिटरव्याजी भन्दा खतरनाक माफिया जालोले पोल्ट्री व्यवसायलाई विस्थापिन नै गर्न लागेको केसीको भनाई छ ।

दानाको कच्चा पदार्थमा भएको मूल्यवृद्धि, उच्च ब्याजदर, लागतअनुसारको बजार मूल्य नपाउँदा, भारतीय उत्पादन निर्वाधरुपमा प्रवेश पाउँदा र माफियाको चलखेलका कारण पोल्ट्री व्यवसाय समस्यामा परेको हो ।

यसको समाधानका लागि सरकार व्याजछुट, अनुदान लगायत कार्यमा अल्मलिनु भन्दा एउटा आयोग गठन गरि नीति निमार्ण तिर केन्द्रीत हुनुपर्ने संघको भनाई छ ।

बागमती प्रदेशको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले भने पोल्ट्री बोर्ड नै गठन गरेर सम्वबोधन गर्ने तयारी गरे पनि बोर्ड गठनका लागि अध्यादेश प्रमाणीकरण भएको छैन ।

# किसान आयोगको सुझाव कार्यन्वयन भएन



किसान आयोगको सुझाव कार्यन्वयन भएन चितवनका किसानले गत माघमा सडकमा तरकारी फालेर आन्दोलन गरेका थिए। भारतीय तरकारीका कारण स्वदेशी उत्पादनले मुल्य नपाएको भन्दै नारायणगढ सडकमा तरकारी फालेर आन्दोलन गरेका किसानहरुले छ वटा ट्याक्टरमा ल्याएका टमाटर, काउली, बन्दा, फसी, मेवा र केराउलगायतका तरकारी सडकमा फालेका थिए । उनीहरूले चार हजार केजी टमाटर, एक हजार केजी काउली, दुई हजार केजी बन्दा, ६ सय किलो फर्सी, दुई सय किलो सीमी, पाँच सय केजी गाजर र ५० केजी केराउ सडकमा फालेका थिए ।

यस्तै माघमै आफ्ना उत्पादनले उचित मूल्य र बजार पाउनुपर्ने माग गर्दै झापाका किसानले बिर्तामोडको मुक्तिचोकमा अण्डा र कुखुरा फालेर विरोध जनाए । सरकारले कृषिमा आत्मनिर्भर होऊ भनेकाले आफूहरू कृषि कर्ममा लागेर उत्पादन गरेको तर सरकारले त्यसको बजारीकरणमा ध्यान नदिएको भन्दै बाध्य भएर सडकमा उत्रिनुपरेको किसानहरूले बताएका थिए ।

तर नेपालको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यावसायिकीकरण र विविधीकरण गर्न आवश्यक नीति, ऐन नियम, योजना तर्जुमा तथा नीतिगत पृष्ठपोषण गर्नाका लागि गठित आयोगले यति रकम खर्च गर्दा पनि किसानको हकहितको संरक्षण एवं प्रवर्द्धनमा भने खासै उपलब्धी भएको देखिँदैन ।

यी घटनाले पनि के देखाउँछ भने किसान आयोगले दिएका सुझावहरू केवल कागजमा मात्र सीमित भएका छन्। तर त्यसपछि आयोगले त्यहाँ पुगेर कृषक तथा सरोकारवालासँग छलफल गर्दै किसानको सहभागितामा कृषि कार्यक्रम तयार हुनुपर्ने, कृषकलाई आवश्यक पर्ने उत्पादन सामग्री ( रायायनिक मल, विषादी, बीउबिजन र बिरुवा) सहज उपलब्ध हुने व्यवस्थाका साथै उत्पादित तरकारीले लागत मूल्यका आधारमा उचित मूल्य पाउनुपर्ने भन्दै सरकारलाई सुझाएको आयोगका सदस्यसचिव दुर्गा पण्डितले बताएका छन् ।

आयोगले किसानको हकहितको संरक्षण एवं प्रवर्द्धन गर्न तथा कृषिसम्बन्धी ऐन, कानून, नीति तथा योजना तर्जुमाका साथै कृषि अनुसन्धान र प्रसारलाई किसानमैत्री बनाई किसानहरूको हकहित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउने उद्देश्य लिएको भए पनि अस्थाइ स्वीकृत दरबन्दीअनुरूपका कर्मचारीहरू समयमा पदपूर्ति नहुनु र किसान हकहित र अधिकार स्थापनाका लागि नीतिगत तथा कानुनी व्यवस्था गर्न कृषि, सिंचाई, प्राकृतिक स्रोत र भूमिलगायतका निकायहरूबीच आवश्यक समन्वय नहुँदा उक्त उद्देश्य पूरा हुन कठिनाई भएको सदस्यसचिव पण्डितले बताएका छन् ।

पछिल्लो समय देशको कृषि क्षेत्रले अपेक्षित विकासको गति समात्न नसक्दा कृषि क्षेत्र जर्जर देखिन्छ । कृषि पेशामा सलंग्न किसानहरू नै गरिब छन् । वर्षेनि आयातित कृषि उपजहरूमा निर्भर रहनुपर्ने बाध्यता छ ।  कृषिजन्य वस्तुहरूको आयात ठूलो परिमाणमा छ ।

सदस्यसचिव पण्डितका अनुसार आयोगले मोरङ, झापा, ईलाम र पाँचथरका माछापालक, कुखुरापालक र अलैंची उत्पादक किसान र किवी उत्पादक किसानहरूसँग फिल्डमै गएर छलफल गरेपछि विदेशबाट आयात हुने कृषि उपजहरूलाई प्रक्रियागत तवरले कडाई गर्नका लागि सीमा नाकाहरूमा क्वारेन्टाइनलाई व्यवस्थित बनाउने र शसर्त शीर्षकमा कृषि क्षेत्र विकास भनी तोकेर योजना तथा कार्यक्रम समन्वय सहयोग र नियमन गर्न सुझाव दिएको छ । यस्तै आयोगको तेस्रो त्रैमासिक अवधिमा भएका कार्यहरू हेर्ने हो भने माघ १६ गते आयोगको छैटौं स्थापना दिवसका अवसरमा कृषक गुनासो व्यवस्थापन कार्यक्रमको उद्घाटन भई किसानका गुनासाहरू संकलनको काम भइरहेको छ । पण्डितका अनुसार ३ महिनाको अवधिमा विभिन्न जिल्लाका १३ जना किसानले राखेका गुनासाहरूको फछ्र्यौट भएको छ ।

कृषि व्यवसाय प्रवर्धन विधेयक २०७९ का लागि आयोगले कृषि मन्त्रालय मात्र सीमित नभई विषयगत मन्त्रालय पनि समेटिनुपर्ने, एक वडा एक संकलन केन्द्र, एक पालिका एक भण्डारण केन्द्र स्थापनाका साथै किसान सूचीकरण, वर्गीकरण र परिचयपत्र तथा मन्त्रालयमा बजार हेर्ने विभाग राख्न सुझाव दिएको छ ।

यस वर्ष धानलगायत अन्नबालीमा मलको माग अत्यधिक बढेको भन्दै आयोगले सहज आपूर्तिका लागि सरकारलाई संवेदनशील हुन आग्रह गर्दै मल व्यवस्थापनका लागि खरिद प्रक्रिया मिलाएर आयात गर्नुपर्ने बताउँदै अविलम्ब मलको सहज व्यवस्थापन गर्न सरकारसँग माग गरेको थियो ।

त्यसक्रममा आयोगले रासायनिक मल कारखाना खोल्न सम्भाव्यता अध्ययन गर्न, माटोको अवस्थाबारे अध्ययन गरी विस्तृत जानकारी दिनुपर्ने र प्राङ्गारिक मल उत्पादन र आवश्यकताबारे जानकारी गराई रासायनिक मल खरीदलाई सहज बनाउन सार्वजनिक खरीद ऐन संशोधनका लागि पहल गर्ने सुझाव दिइएको पण्डितले जानकारी दिए । खेतीपातीको समय नजिकिँदै गर्दा रासायनिक मलको अभावले बर्सेनि किसानलाई सास्ती हुने गरेको छ । सरकारले मल आवश्यक पर्ने बेला जहिल्यै व्यवस्थापन गर्न सकिरहेको हुँदैन । बेलाबेलामा स्वदेशमै रासायनिक मल उत्पादन गर्ने कारखाना खोल्ने कुराले पनि चर्चा बटुल्छ । तर त्यो सेलाएर जान्छ सदस्य सचिव दुर्गाप्रसाद पण्डितको भनाई रहेको छ ।

# मुर्रा जातका राँगाभैंसी किन विशेष, कसरी गरिन्छ नस्ल सुधार

भारतले सहयोग स्वरूप दिने घोषणा गरेको मुर्रा जातका राँगाहरू एक(डेढ महिनाभित्र नेपाल आइपुग्ने नेपाली अधिकारीहरूले बताएका छन् ।

ती राँगा नेपाल ल्याउनुअघि प्राविधिक पक्ष निरीक्षणका लागि विज्ञ एवं प्राविधिकलाई भारत पठाउने तयारी भईरहेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

भारतबाट मुर्रा जातका राँगा ल्याउने प्रयास २०७३ सालदेखि नै गरिए पनि अहिले आएर त्यो सफल भएकोमा पशु विकास अधिकारीहरू उत्साहित देखिएका छन् ।

यसै महिना प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भ्रमणका क्रममा भारतले सहयोगस्वरूप १५ वटा राँगा दिने घोषणा गरेको हो ।

स्वदेश फर्केपछि प्रधानमन्त्री प्रचण्डले भारतबाट ल्याउन खोजिएको मुर्रा भैंसी नभई राँगा भएको भनेर सदनमा स्पष्टीकरण नै दिए ।

यसअघि भारतबाट नेपालले भैंसी उपहार ल्याउन लागेको भन्दै विभिन्न टीकाटिप्पणी भएका थिए ।

**के छ सरकारी योजना ?**

नस्ल सुधार र विकासका लागि भारतबाट मुर्रा राँगा ल्याउन लागिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले स्पष्ट पारेको छ ।

पशु सेवा विभागस्थित वरिष्ठ पशु विकास अधिकृत चन्द्र ढकालका अनुसार भारतले दिने मुर्रा राँगा सम्भवतः स्थलमार्गबाट ल्याइने छ । ती राँगा भारतीय पक्षले नेपाल(भारत सीमासम्म ल्याइदिने छ ।

भारतीय मुर्रा राँगाहरूबाट तीन वर्ष पश्चात् वार्षिक डेढ लाख मात्रा वीर्य संकलन गरी कम्तीमा एक लाख भैंसीमा कृत्रिम गर्भाधान गराउने सरकारी योजना छ ।

ढकालका अनुसार भारतबाट ल्याइने मुर्रा राँगालाई राष्ट्रिय पशु प्रजनन् कार्यालयहरू लाहान र पोखरामा राख्ने योजना छ ।

“आवश्यकता अनुसार केहीलाई अर्को प्रजनन् कार्यालयमा पनि राख्न सकिन्छ,” ढकालका अनुसार प्रजनन् कार्यालयहरूमा केही समय राखेर परीक्षण गरिएपछि ती राँगाबाट बल्ल वीर्य संकलन गर्न थालिने छ ।

“त्यसपछि देशभरि भैंसीहरूमा कृत्रिम



गर्भाधानका लागि त्यसको प्रयोग गरिने छ,”

के छन् मुर्रा राँगा र भैंसीका विशेषता ?

नेपाल कृषि अनुसन्धान परिषद्का पूर्वप्रमुख चेतराज उप्रेतीका अनुसार नेपालमा अहिले दुई जातका भैंसीहरू पाइन्छन् ।

रैथाने र आयातित उन्नत गरी दुई जातका भैंसी पाइन्छन् । स्थानीय भैंसीमा लिमे, पारकोटे, तराई, गयी जातका भैंसी रहेका छन् ।

“स्थानीय हावापानीमा राम्ररी हुर्किन सक्ने भए पनि रैथाने जातका भैंसीहरूले धेरै दूध दिँदैनन्,” ।

ढकालका अनुसार नेपालमा अहिले ५२ लाखको हाराहारीमा भैंसी रहेको सरकारी तथ्याङ्क रहेकोमा त्यसमा ५३ प्रतिशत जति मुर्रा जातका छन् ।

भारतले दिन लागेको “उच्च प्रजनन्मान“ का मुर्रा राँगा किनेर पाउन मुस्किल हुने उनी बताउँछन् ।

“नेपालमा हुने स्थानीय जातको भैंसीले एक बेतमा सरदर ८०० लिटर दूध दिन्छ भने भारतमा मुर्रा भैंसीको औसत दूध उत्पादन प्रतिबेत २,५०० लिटरभन्दा बढी देखिएको छ,”

वरिष्ठ पशु विकास अधिकृत ढकालका अनुसार नेपाल ल्याउन लागिएका उच्च प्रजनन्मानका मुर्रा राँगाहरू “उत्कृष्ट मध्ये उत्कृष्ट” रहेका छन् । औसतमा प्रतिबेत ४,००० लिटरभन्दा बढी दूध भएका भैंसीका राँगा छान्न लागिएको हो ।

**वीर्य संकलन :**

राँगाबाट संकलित वीर्य कृत्रिम गर्भाधानका लागि प्रयोग गरिन्छ ।

भारतमै किसानहरूले एउटा मुर्रा भैंसी दुई( तीन लाख भारुसम्म किनबेच गर्ने गरेका विवरण सुन्ने गरिएको ढकाल बताउँछन् ।

नेपालमै पाइने मुर्रा भैंसी दूध उत्पादनको हिसाबले तीन(चार लाख रुपैयाँसम्ममा पनि खरिदबिक्री हुने गरेको सुनिन्छ ।

औषधिदेखि तान्त्रिक प्रयोजनका लागि नेपालबाट विदेशमा बेचिने यी वन्यजन्तु

दूधमा हुने ठोस पदार्थका आधारमा पनि मुर्रा जातका भैंसीहरू उत्कृष्ट रहेको नार्कका पूर्वप्रमुख उप्रेती बताउँछन् ।

मुर्रा भैंसीको दूधमा ६ देखि ८ प्रतिशत फ्याट (चिल्लो पदार्थ) र ८ प्रतिशतभन्दा बढी एसएनएफ (सोलिड्स(नट(फ्याट) अर्थात् चिल्लो तत्वबाहेकको ठोस पदार्थ पाइन्छ,” दूधको मूल्य यिनै दुई तत्वको आधारमा निर्धारण हुने गरेको छ ।

**हेरचाह :**

पशु विकास अधिकारीहरूका अनुसार नस्ल सुधारका लागि प्रयोग गरिने राँगा वा साँढेहरूलाई विशेष किसिमले पालिन्छ ।

तिनीहरूको आहारा लगायतका कुरामा विशेष ध्यान दिइन्छ । तिनीहरूको वीर्य र शारीरिक तौलका आधारमा आहारा दिइन्छ ।

घाँस, पराल र दाना दिइनुका साथै वीर्य संकलनका बेला क्याल्सिम, फस्फरस सुई पनि दिइन्छ ।

उप्रेतीका अनुसार प्रजनन् केन्द्रमा एउटा राँगाबाट हप्तामा तीन पटकसम्म वीर्य संकलन गर्ने गरिन्छ ।

त्यसपछि प्रशोधन गरिन्छ र वीर्यलाई तरल नाइट्रोजनसँग फ्रोजन अवस्थामा राखिन्छ, । प्रशोधन गरिएको वीर्य लामो समयसम्म ठूलाठूला ‘मदर कन्टेनर’ मा राखिन्छ । सानो( सानो फ्रिजमा पनि राखेर कृत्रिम गर्भाधानका लागि विभिन्न ठाउँमा पुऱ्याइन्छ ।

दानामा आवश्यक मात्रामा खनिज तत्व उपलब्ध नहुन सक्ने भएकोले अतिरिक्त पोषक तत्व पनि दिने गरिएको उनी बताउँछन् ।

एउटा राँगा तीन वर्षको उमेरमा वयस्क हुन्छ । आठ वर्षको उमेरसम्म स्वस्थ खालको वीर्य उत्पादन हुन्छ ।

काठमाडौं । मुख्य तीन बालीहरु धान, गहुँ र मकैका लागि स्थान विशेषका आधारमा मलखाद प्रविधि सिफारिस गरिएको छ ।

# पालिका प्रमुखहरुलाई नेपाल डेरी एशोसिएसनको अनुरोध

काठमाडौं जेष्ठ ३२ अध्यक्ष प्रल्हाद दाहाल,महासचिव हेमचन्द्र खनालले संयुक्त रुपमा हस्ताक्षर गरि

लम्पी स्किन रोग तत्काल रोकथाम गर्न र क्षति भएका किसानलाई तत्काल राहत उपलब्ध गराउन सम्बन्धित निकायहरुलाई अनुरोध गरेको छ ।

अहिले गर्मीयाम शुरु भएलगत्तै मुलुकभर गाईभैंसीमा लम्पी स्किन रोगको प्रकोप व्यापक रूपमा फैलिएको छ । चालु आर्थिक वर्ष गत माघ महिनामा पहिलो पटक झापाबाट शुरु भएको यो रोगको प्रकोपबाट हालसम्म नौ हजार चार सय १० गाई, गोरु र भैंसी मरेका छन् । यसैगरी, हालसम्म तीन लाख ५५ हजार छ सय ९८ पशु सङ्क्रमित भएका छन् । हाल यस रोगको प्रकोप देशभर ७३ जिल्ला फैलिसकेको छ ।

यसको प्रकोप अझै बढ्ने क्रममा रहेको कृषि तथा पशुपन्छी मन्त्रालय अन्तर्गतको पशु सेवा विभागले जनाएको छ । यसरी देशभर लम्पी स्किनको प्रकोप देखिए तापनि स्थानीय तह, जिल्ला तथा प्रदेशहरूबाट समयमै रोगको रिपोर्टिङ नहुँदा, यस सम्बन्धी पूर्ण जानकारी नहुँदा सङ्क्रमित पशुको संख्या र रोगबाट भएको क्षतिको विवरण यकिन गर्न कठिनाई भएको छ । साथै रोगको नियन्त्रण तथा रोकथाममा थप समस्या थपिएको छ । यसले नेपाल ठूलो क्षति निम्त्याएको छ ।

पशु चिकित्सकका अनुसार लम्पी स्किन रोग पक्सभाइरिडिइ जातअन्तर्गतको क्याप्रिपक्स भाइरसका कारण पशुमा अत्यधिक सङ्क्रमण गराउने सीमा विहीन रोग हो । यस रोगले पशुको मृत्युका साथै दूध र मासु उत्पादनमा ह्रास ल्याउने, गर्भ तुहाउने, बाँझोपना सिर्जना गर्ने, छालाको गुणस्तर घटाउने गर्दछ भन्ने कुराको पुष्टि गरेका छन् । यो रोग भैंसीको तुलनामा विशेषगरी गाई, गोरु तथा बाच्छाबाच्छीमा बढी देखापरेको छ र यो रोगको फैलिने क्रम दिनदिनै बढ्दै छ । यो रोग विशेषगरी राजमार्ग तथा सहायक राजमार्गमा अवस्थित गाईवस्तु तथा खुल्ला चौरमा चरिचरन गर्ने गाईवस्तुमा बढी देखा परेको विशेषज्ञले जानकारी गराएका छन् ।

यो रोग सङ्क्रमित पशुसँगको प्रत्यक्ष र अप्रत्यक्ष सम्पर्कबाट, प्रजनन्योग्य साँढेको सिमेनबाट साथै लामखुट्टे, झिँगा, किर्ना, भुसुनाको टोकाइबाट पनि सर्ने गर्दछ । यो रोग लागेका पशुमा १०५ दशमलव ८ डिग्री फरेनहाइटसम्म ज्वरो आउने, छालामा एकदेखि पाँच सेमीसम्म वा अझै ठूला गाँठाहरू देखापर्ने, मुख, नाकको फोरा वरिपरि, पुच्छर, अण्डकोष, फाँचो वरिपरि समेत दुख्ने खालका गाँठाहरू देखिने, लङ्गडोपना, थुनेलो हुने,



बाली नजाने, गर्भ तुहिने जस्ता लक्षणहरू देखिन्छन् । देशभर महामारीका रूपमा फैलिरहेको लम्पी स्किन रोगबाट सङ्क्रमित तथा मृत्यु भएको पशुहरूको विवरण, यस रोगको उपचार, रोकथाम तथा नियन्त्रणका लागि सेवा विभागले सबै प्रदेशका पशुपन्छी हेर्ने मन्त्रालय, निर्देशनालय, भेटेरिनरी अस्पाताल, तालिम केन्द्र तथा पालिकाहरूसँग छलफल गरिरहेको जानकारी छ । यस रोगको प्रकोपबाट सबैभन्दा बढी कर्णाली प्रदेशमा चार हजार सात सय ७५ पशु मरिसकेका छन् भने त्यसपछि सुदूरपश्चिममा दुई हजार सात सय ४७, कोशीमा एक हजार एक सय ३२, गण्डकीमा तीन सय ३०, बागमतीमा दुई सय ८१, लुम्बिनीमा एक सय १०, मधेस प्रदेशमा ३५ पशु हालसम्म मरेको विभागको तथ्याङ्क छ । सङ्क्रमित पशुहरूमा औषधि र शक्तिवर्द्धक खानेकुराले निको हुने दर ३० प्रतिशत भएको विभागले जनाएको छ । विभागले यो रोग देखिने बित्तिकै बथानबाट छुट्याएर अलग्गै राख्ने, ज्वरो आएको पशुलाई आराम गराउने, प्रशस्त मात्रामा सफा पानी खान दिने, पातलो कुँडो वा नरम घाँस खान दिने, सक्खर पानी खुवाउने, गोठ वरिपरि सफा राख्ने लगायतका सुझाव दिएको छ । तर यो सुझाव सबै स्थानीय निकायसम्म एवं किसान तहमा पुग्न सकेको छैन ।

नेपालमा पहिलो पटक २०७७ असार १० गते मोरङको सुन्दरहरैचा नगरपालिका(११ का गाईहरूमा लम्पी स्किन रोगका लक्षण देखापरेको कृषि तथा पशुपन्छी मन्त्रालय अन्तर्गतको पशु सेवा विभागले जानकारी गराएको तथ्य छ । लक्षण देखा परेपछि नमूना संकलन गरी केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वरमा मलिकुलर विधिबाट परीक्षण गर्दा २०७७ साल साउन ११ गते लम्पी स्किन रोग पुष्टि भएको प्रयोगशालाको प्रतिवेदन अनुसार जानकारी भयो । यसरी रोग पुष्टि भएपछि सो रोगको सूचना विश्व पशु स्वास्थ्य संगठनमा पशु स्वास्थ्य सूचना प्रणालीमार्फत गरेको थियो ।

त्यसपछि लगत्तै यही असार महिनामा चितवनको राप्ती नगरपालिका, रत्ननगर नगरपालिका र खैरहनी नगरपालिका र मकवानपुरको हेटौडा नगरपालिमा यो रोग देखिई धेरै जिल्लाहरूमा अहिले फैलिसकेको छ ।

यो रोग मुख्यगरी सब सहारन अफ्रिका, मध्यपूर्व र टर्कीमा महामारीकै रूपमा देखिने गरेको र एसियामा सन् १९८९ मा इजरायलमा यो रोग देखिएको थियो । यो रोग पछिल्लो समयमा सन् २०१९ मा दक्षिण र पूर्वी एसियाका देशहरु बंगलादेश, भारत, चीन, चीन ताइपेई र भियतनाममा देखा परिसकेको तथ्याङ्क छ ।

यति धेरै ठूलो क्षति हुँदा पनि सम्बन्धी निकायले दुरदराजमा रहेका किसानको गोठमा अझ पुग्न नसकेको र क्षति भएको ठाउँमा किसानलाई राहत दिन नसकेको अवस्थामा आगामी दिनमा यसले थप समस्या निम्त्याउने निश्चित देखिन्छ । सम्बन्धित निकाय केन्द्रदेखि स्थानीय तहसम्म सबैलाई यो अहिलेको अवस्थालाई गम्भीर रुपमा लिन र यथासम्भव नोक्सानी भएको ठाउँमा किसानलाई राहत उपलब्ध गराउन, रोगले नछोएको स्थानमा रोकथामका लागि तत्काल भ्याक्सिन लगाई सुरक्षित रहन सहयोग गर्न सबैलाई नेपाल डेरी एसोसिएसनले अनुरोध गर्दै एसोसिएसनले पनि आफ्नो नेट वर्क भएका स्थानमा सक्दो सहयोग गर्ने प्रतिवद्धता जाहेर गर्दछ ।

# किसान महासंघको विज्ञाप्ति



**प्रेस विज्ञप्ति :**

काठमाडौं जे २६ गते अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का अध्यक्ष चित्रबहादुर श्रेष्ठले एक प्रेस विज्ञाप्ति प्रकाशित गरिएको छ । विज्ञाप्तिमा भनिएको छ ।

नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को यही मिति २०८० जेठ १७-२० गतेसम्म भएको भारतको ४ दिने औपचारिक भ्रमणको क्रममा नेपालको विद्युत उत्पादन तथा बिक्री, संयुक्त चेकपोष्ट, पारवाहन, पेट्रोलियम पदार्थको पाइपलाइन लगायतका दीर्घकालीन हितका विषयमा सम्झौता गर्न सफल भएको, भारतीय शासक वर्गको आँखामा आँखा जुधाएर दुई पक्षीय हितको विषयमा कुराकानी गरेको, बरु आफ्नो भ्रमणलाई सद्भावना भ्रमणको रूपमा टुंग्याउन तयार भएको तर देशको हित विरुद्ध कुनै पनि गलत सन्धी सम्झौता नगर्ने अडान लिएको, भारतीय संसदमा नेपालका लुम्बिनी र कपिलवस्तु जस्ता ऐतिहासिक स्थलहरू समेटेको भित्ते चित्र (मुरल) टाँगेको विषयलाई दृढताकासाथ उठाएको र विगतमा नेपाली भूमि अन्तर्गत रहेका तर अंग्रेजी शासकहरूले भारत छोड्दा नेपालका राजा र राणाहरूले आफ्नो सत्ता जोगाउन भारतलाई सुम्पेका विभिन्न भू-भागहरू समेटिएको विशाल नेपाल (ग्रेटर नेपाल) को भित्ते चित्र राख्ने वहस चलेको उल्लेख गर्दै तीव्र विरोध गरेको र राष्ट्रहित विपरीतका कुनै पनि सन्धी-सम्झौता नगरी देशको शिर उँचो राखेकोमा हामी देशभरका किसानहरूको तर्फबाट हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछौं । यसै सन्दर्भमा नेपाल सरकारलाई भारत सरकारका तर्फबाट प्राप्त हुन लागेका १५ वटा मुर्रा राँगोको विषय संसदमा उछाल्दै केही राजनीतिक दलहरूले देशको दुईतिहाई जनसंख्या ओगट्ने नेपाली किसानहरू र राष्ट्रिय अर्थतन्त्रमा एकतिहाई योगदान गर्ने कृषि क्षेत्रलाई अपमान गर्ने र युवाहरूलाई कृषिबाट विकर्षित गर्ने गरी अपमानजनक भाषामा संसदमा प्रहसन गरिएकोमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । हामी सो कार्यको तीव्र निन्दा तथा भर्त्सना गर्दछौं ।

नेपालको अर्थतन्त्रमा कृषिको योगदान, कृषि क्षेत्रमा पशुपालन, पशुपालनमा भैंसीको योगदान र भैंसीको उत्पादन र उत्पादकत्व वृद्धिमा उन्नत नश्ल सुधार, कृतिम गर्भाधान र त्यसका लागि मुर्रा जातको भैंसीको उपयोगिता र प्रभावकारिता बारे कुनै ज्ञान नभएका तर आफैले आफैलाई ब्रह्मज्ञानी ठान्ने महाकाली बेचुवा राजनीतिक दलहरू, 'जान्नेलाई छान्ने' भन्दै आफू बाहेकका आम नागरिक, किसान र मजदुरहरूलाई 'नजान्ने',अनपढ, गँवार बनाउँदै फेसबुक-ट्विटरमा नौटंकी गरेको भरमा राजनीतिमा अस्थायी ठाउँ बनाएका चटके राजनीतिक दलका किसानविरोधी, कृषि विरोधी र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र विरोधी बज्रस्वाँठहरूले संसदमा हंगामा खडा गर्नुले उनीहरूको कृषि र किसान विरोधी चरित्र र चिन्तन खुलस्त भएको छ । हामी देशका सबै कृषि र किसान विरोधी राजनीतिक दल र नेताहरूलाई मुर्दावाद भन्न चाहन्छौं ।

नेपाली किसानको हितलाई ध्यानमा राखी पशुपालक किसानहरूलाई उच्च उत्पादनयुक्त पशु नश्ल उपलब्ध गराउन सम्माननीय प्रधानमन्त्रीज्यूले भारत भ्रमणको अवसरमा गरेको पहलका लागि हामी नेपालका करोडौं किसानहरूको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं । नेपाल सरकारले धेरै पहिले नै प्रक्रिया अघि बढाइसकेको, सरकारको शीर्ष नेतृत्वले यसलाई तुच्छ विषय सम्झेर पहल नगरेको र तल्लो तहबाट पटक-पटक पहल हुँदा पनि भारतले दिन अस्वीकार गरेको उच्च गुणस्तरका मुर्रा जातका राँगोहरू यसपटक प्राप्त हुने सुनिश्चितता गरेकोमा सम्माननीय प्रधानमन्त्री प्रचण्डलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छौं । साथै स्वदेशी बिउविजन र पशु नश्लको संरक्षण र विकास गर्दै खाद्यान्न, तरकारी, उखु, चिया लगायतका विभिन्न बाली र पशु नश्लको अझ उच्चस्तरको अनुवांशिक स्रोतका लागि विभिन्न राष्ट्रहरूसँग पहल गर्न हामी नेपाल सरकारसँग जोडदार माग गर्दछौं ।

नेपालजस्तो किसान बाहुल्य देशमा देशको जनसंख्याको दुईतिहाइ हिस्सा ओगट्ने किसानहरू नेपालका प्रमुख उत्पादक शक्ति हुन्, देशको राजनीतिक, सामाजिक तथा आर्थिक परिवर्तनका मुख्य चालक शक्ति हुन् । यो देशमा भएका जुनसुकै राजनीतिक दलहरूले किसानहरूको भोटले मात्रै संसदमा छिर्ने ल्याकत राख्दछन् र किसानहरूले नरुचाएको दिन तिनलाई नेपाली किसानहरूले 'दुधमा परेको झिँगो टिपेर मिल्काए' जस्तै नेपालको राजनीतिक इतिहासबाट तिनको नामो निशान मोटाइदिने तागत राख्दछन् । त्यसैले सबै राजनीतिक दलहरूलाई जिम्मेवार बन्न, कृषि पेशा र किसानहरूलाई अपमान गर्ने गतिविधि संसद वा संसद बाहिर नदेखाउन अन्यथा किसानहरूको आक्रोशको तारो बन्ने कुराको चेतावनी दिन चाहन्छौं । विज्ञाप्तिमा जनाएको छ ।

**हार्दिक अनुरोध ।**

उच्च ज्वरो आउने, खोकी लाग्ने, घाँटी दुख्ने, सम्पूर्ण शरीर दुख्ने, वान्ता आउने र झाडापखाला लाग्ने लक्षणहरु देखिएमा इनफ्लुएन्जा ए, (H1N1) स्वाइनफ्लु पनि हुनसक्छ । तसर्थ यस अस्पतालमा तथा नजिकको स्वास्थ्य संस्थामा जचाई समयमा नै उपचार गराउनु हुन अनुरोध गरिन्छ ।

नेपाल सरकार
शुक्रराज ट्रपिकल तथा
सरुवा रोग अस्पताल

# कोदो अहिले विश्वभरि चर्चामा, नेपालमा चाहीँ किन सधैं उपेक्षामा

आगामी आर्थिक वर्षको बजेटमा समेटिएको एउटा नारा छ । 'रैथानेमा गर्व गरौं ।' उक्त नाराका साथमा बजेटको बुँदा नम्बर(८८ मा भनिएको छ, "परम्परागत र प्राकृतिक तथा पोषणयुक्त रैथाने खाद्यान्न बालीको बिऊ संरक्षण गरी खेती विस्तार गरिनेछ ।"

"कर्णाली प्रदेश लगायत विभिन्न स्थानका मार्सी, कागुनु, कोदो, फापर, जौ, लट्टे, सिमी लगायतका रैथाने बालीको उत्पादन खाद्य तथा व्यापार कम्पनीमार्फत् खरीद गरिनेछ ।"

अहिले पनि देशका विभिन्न भागमा कोदोजन्य बालीलाई 'कुअन्न' भन्नेहरू कैयौं छन् ।

तर, केही वर्षदेखि सरकारको नीति तथा



कार्यक्रम, बजेट र योजनामा कोदोजन्य बालीले पनि महत्व पाउँदै आएको छ ।

यद्यपी आलोचकहरू भन्छन् । "कागजी योजनामा समेटिएका कैयौं कुराहरू कार्यान्वयन भइरहेका छैनन् ।"

त्यसलाई अधिकारीहरू अस्वीकार गर्दैनन् तर "पहिलेको तुलनामा अहिले कोदोजन्य बालीप्रति सरकारको ध्यान बढेको" दाबी गर्छन् ।

आगामी वर्षको बजेटकै दुँदा नम्बर-१०८ मा समेटिएको "नयाँ जातका बाली र नयाँ प्रविधि विकास गरिने" प्रसङ्गमा पनि कोदो छुटेको छैन ।

तीनै बुँदालाई उदृत गर्दै कतिपय कृषि अधिकारी भन्छन्, "कोदोलाई सरकारले यत्तिको गम्भीरताका साथ पहिले लिएको थिएन ।"

कृषि उत्पादन उकालो लाग्दा कसरी हरितगृह ग्याँस उत्सर्जन बढ्यो ?

'मलमा अनुदान कटौतीको असर महिनौं पछि मात्र', तर बजारमा मूल्य 'दोब्बर'

विश्वभरि चर्चा :

आउँदो साउनदेखि लागु हुने नयाँ बजेटमा कोदोलाई पहिलेका तुलनामा केही "बढी" महत्व दिइएको अधिकारीहरूको दाबी छ ।

तर, त्यस्तो महत्व नेपालमा मात्र दिइएको होइन किनभने उक्त बालीबारे अहिले विश्वभरि नै चर्चा भइरहेको छ ।

र, त्यसको प्रमुख कारण हो । संयुक्त राष्ट्रसंघले सन् २०२३ लाई 'अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष' घोषणा गर्नु ।

राष्ट्रसंघको ७५औं महासभाले सन् २०२१ मार्चमा यो वर्षलाई 'कोदोजन्य बाली वर्ष'का रूपमा मनाउने घोषणा गरेको थियो ।

राष्ट्र संघीय निकाय खाद्य तथा कृषि संगठनका अनुसार "कोदोको उपयोगिताबारे जागरुकता फैलाउन र प्रत्यक्ष रूपमा नीतिगत प्रभाव पार्न" यस्तो घोषणा गरिएको हो ।

उसका अनुसार पोषण र स्वास्थ्यका हिसाबले लाभकारी कोदो 'प्रतिकूल र परिवर्तनशील मौसमी परिस्थितिमा पनि खेतीका लागि उपयुक्त बाली हो ।'

राष्ट्रसंघीय अभियानसँगै अहिले कोदो उत्पादन हुने राष्ट्रहरूले विभिन्न कार्यक्रम तथा योजना बनाएर कोदोजन्य बालीबारे प्रचारप्रसार गरिरहेका छन् ।

नेपालमा पनि सरकारले 'कोदोजन्य बालीबारे' जनचेतना जगाउने र प्रवर्धन गर्ने कार्य गरिएको अधिकारीहरू बताउँछन् ।

तर, कतिपय विज्ञ भन्छन् । "कोदो बाली प्रवर्द्धनका लागि गरिएका काम खासै प्रभावकारी छैनन् र अहिले पनि यसलाई बेवास्ता नै गरिएको छ ।"

क्षेत्र घट्दो, उत्पादन स्थिर :

कृषि मन्त्रालयको विवरण अनुसार नेपालका ७० भन्दा बढी जिल्लाहरूमा कोदोजन्य बालीको खेती हुने गर्छ ।

यसको खेती पहाडी तथा सिँचाईको सुविधा नभएका क्षेत्रमा धेरै हुने गर्छ । तर पछिल्ला वर्षहरूमा कोदो खेती गर्ने कृषकको संख्या घट्दै गएको छ ।

'अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष' मनाउनका लागि सचिवालयसमेत तोकिएको संघीय निकाय बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका प्रमुख डा.रामकृष्ण श्रेष्ठ खेती गरिने क्षेत्र घटे पनि "उन्नत जात लगाउने क्रम' बढेकाले उत्पादनमा खासै गिरावट नआएको बताउँछन् ।

नेपालमा कोदोको उत्पादन स्थिर रहे पनि आयात हुने क्रम पनि रोकिएको छैन । आयातको मात्रा कहिले बढ्ने र कहिले घट्ने गरिरहको भन्सार विभागको विवरणले देखाउँछ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गत वर्ष प्रकाशित गरेको तथ्याङ्क अनुसार विगत १० वर्षमा कोदोजन्य बाली हुने क्षेत्रफल क्रमशः घट्दो क्रममा गएको देखिन्छ ।

हाल नेपालको कुल दुई लाख ६० हजार हेक्टर क्षेत्रफलमा कोदो खेति हुने गरेको छ भने उत्पादन वार्षिक ३ लाख २५ हजार मेट्रिक टनको हाराहारीमा छ ।

'अरू अन्न बेचेर चामल किन्छन् । के नेपालीले धेरै भात खान थालेका हुन्

**मुख्य कोदोजन्य बाली :**

कोदोजन्य बालीका विभिन्न प्रकार रहेका छन् । त्यसमध्ये नेपालमा मुख्यत : चारखाले कोदो बालीको खेती हुने गरेको श्रेष्ठ बताउँछन् । उनका भनाईमा नेपालमा मुख्य खेती हुने भनेको कोदो, कागुनु, जुनेलो र चिनो हुन् । कोदोको खेती देशका सबैजसो भू-भागमा हुन्छ भने कागुनु र चिनोजस्ता बालीको खेती विशेषगरी पश्चिमी भेगमा हुने गर्छ ।

संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनका अनुसार कोदो "पोषिलो अन्न"मा पर्छ ।
'अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष'को प्रचारप्रसारका लागि उसले बनाएका सामग्रीमा कोदोलाई फाइवर, एन्टिअक्सिडेन्ट, प्रोटिन र मिनरलयुक्त खाद्य भनिएको छ ।
यसमा आइरनको मात्रा पनि पाइने र 'ग्लुटन' नभएको उसले उल्लेख गरेको छ ।
कोदो बाली :

**हेला गरिएको बाली :**

सांस्कृतिक रूपमा पनि 'कुअन्न' भनिएको र धेरैले' गरिबको खाना'का रूपमा अर्थ्याएकाले नेपालमा कोदो पहिलेदेखि नै हेलामा परेको बाली बनेको छ ।
"हाम्रो सांस्कृतिक र सामाजिक मान्यताका कारणले पनि यो हेलामा परेको बाली बनेको हो " लामो समय कृषि मन्त्रालयमा बिताएका एकजना पूर्व सचिव एवं कृषि विज्ञ डा.हरि दाहाल भन्छन् ।
"यसलाई अहिले 'सुपर फुड' र 'स्मार्ट फुड' भन्न थालिएको छ । यसले स्वास्थ्यमा पुऱ्याउने फाइदाबारे चर्चा हुन थालेको छ र नेपालमै पनि सहरी क्षेत्रमा यसका केही परिकार बनाउने चलन शुरु भएको छ ।"
तर, कोदोजन्य बालीलाई उपेक्षा नै गरिराखिएको र मानिसहरूलाई प्रोत्साहन गर्ने कार्य न्यून् हुने गरेको उनको बुझाई छ ।
"हाम्रोमा चामललाई मानिसको सामाजिक हैसियतसँग जोडेर हेर्ने गरियो, त्यसले कोदोका परिकार खानेलाई हेलाका दृष्टिले हेरिने हुँदा यसको उपयोग हुन सकेको छैन,"उनी भन्छन् ।
"यो चामलजस्तो मिठो पनि नहुने भएकाले मानिसले यसलाई हेला गरेका होलान् जस्तो लाग्छ तर जुन चिज मिठो हुन्छ त्यो धेरै खाइन्छ अनि त्यसले शरीरलाई धेरै हानी गर्ने रहेछ ।'
कोदो उपेक्षामा पर्नुका विभिन्न कारण रहेको श्रेष्ठ बताउँछन् ।
उनका भनाईमा सडक विस्तारसँगै गाउँ(गाउँमा चामल सहजै उपलब्ध हुनु, वैदेशिक रोजगारीका कारण मानिसहरूको क्रयशक्ति बढ्नु, खुला बजार अर्थतन्त्रका कारण विश्वको जुनसुकै देशको खानेकुरा गाउँ(गाउँमा पनि पाइनु तथा राज्यको ध्यान धान, गहुँ र मकैजस्ता बालीमा मात्र केन्द्रित हुनुले यो उपेक्षामा परेको हो ।
कोदो पाकेपछि त्यसलाई भित्र्याउने कार्य पनि अरु बालीका तुलनामा झन्झटिलो र गाह्रो खालको हुँदा मानिसहरू यसको खेतीबाट पलायन हुने गरेको श्रेष्ठको भनाई छ ।
त्यस्तै परिकारमा विविधिकरण गर्न नसक्दा पनि कोदोप्रति आकर्षण नभएको उनी बताउँछन् ।
"हामीले बालबालिका र युवालाई आकर्षित गर्ने खालका खानेकुरा विकास गर्नै सकेका छैनौं ।
नेपालसँग घाँस किन्दै चीन, साना उत्पादकलाई कस्तो लाभ?
११ डिसेम्बर २०२१
विश्वभर अभाव भइरहेको रासायनिक मलको विकल्प छ ?
२८ मई २०२२
भारतले गहुँ निर्यात रोक्दा विश्वबजारमा कस्तो असर
कोदो :
कोदो खेतीको आवश्यकता
जलवायु परिवर्तनका कारण पनि कोदो खेती उपयुक्त देखिएको अधिकारीहरू बताउँछन् ।
संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनले यो बालीलाई जलवायू परिवर्तनमा पनि टिक्न सक्ने खालको भनेको छ ।
उसका अनुसार कोदो "कम मलिलो माटो, सुख्खा र अन्य बालीका लागि अनुकुल नहुने" वातावरणमा पनि खेती गर्न सकिन्छ ।
यसका लागि उच्च मल र विषादीको पनि आवश्यक नपर्ने र परम्परागत ज्ञानका खेती गर्न सकिने उक्त संगठनले जनाएको छ ।
दाहालमा भनाईमा "अर्गानिक खेतीका लागु कुनै बाली सबैभन्दा उपयुक्त छ भने त्यो कोदो नै हो ।"
कोदो आयात

**कतिखाले कोदोजन्य बाली ?**

राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र अर्थात् जीन बैंक प्रमुख वरिष्ठ वैज्ञानिक डा.बालकृष्ण जोशीका अनुसार नेपालमा हालसम्म खेती गरिएका र जंगली गरी कुल २० खाले कोदोजन्य बालीको पहिचान गरिएको छ ।
"तीभन्दा धेरै पनि हुनसक्छन् तर अहिलेसम्म हामीले संगलन गरेको संख्या २० हो "
त्यसमध्ये ११ खाले कोदोजन्य बाली खेती भईरहेका छन् भने ९ खाले चाहिँ जंगली हुन् ।
जंगली कोदोजन्य बाली पशु आहाराका लागि मात्र प्रयोग गर्न मिल्ने उनले बताए ।
मानव उपभोगका लागि खेती भईरहेका बालीमा कोदो, चिनो, कागुनो, जुनेलो, घोगे, धानकोदो, झुसे कागुनो, बाँसपाते कोदो, भीरगाउँले र कोदो लगायत रहेका छन् ।
त्यस्तै जंगलीमा वन्सो, टुडे, सामा, कोदेझार, जंगली जुनेलो, वनघोगे, कनिके कागुनो र जंगली चिनो लगायत छन् ।
ती सबै प्रजातिका रैथाने जानहरू जीन बैंकमा संलग्न गरिएको उनले बताए ।

**कोदो :**

**अनुसन्धानमा बेवास्ता :**

अन्य अन्न बालीको अनुसन्धानमा ध्यान दिइए पनि कोदोजन्य बालीको अनुसन्धान र उन्नत जान विकासमा ध्यान नदिइएको विज्ञहरू बताउँछन् ।
त्यसलाई अधिकारीहरू पनि स्वीकार्छन् ।
श्रेष्ठ भन्छन्, "नेपालमा मात्र होइन संसारभरि नै यसलाई हेला गरियो । अनुसन्धानमा पनि त्यस्तै भयो । अब भने सुधार हुँदैछ ।"
जोशीका अनुसार नेपालमा पनि कोदोजन्य बालीको अनुसन्धान निकै कम भएको छ ।
हालसम्म नेपालमा कुल ८ खाले कोदोजन्य बालीका उन्नत जातहरू विकास गरिएका छन् ।
त्यसमध्ये ६ वटा कोदोका र चिनो एवं कागुनका एक/एक प्रजाति रहेका छन् ।
परिकार विकास र ब्रान्डिङ
कोदोको महत्व बुझाउनका लागि यसका परिकार विकास तथा त्यसको ब्राण्डिङ गर्नुपर्नेमा विज्ञ र अधिकारीहरू सहमत देखिन्छन् ।
तर, त्यसतर्फ एकदमै कम काम भएको उनीहरूको भनाई छ ।
अहिले शहरी क्षेत्रमा कोदोको ढिँडो र रोटीको चलन केही विस्तार भएको देखिन्छ ।
म:म र केक जस्ता परिकार पनि विकास हुन थालेका छन् । तर, त्यो पर्याप्त नभएको उनीहरू स्वीकार्छन् ।
विशेषगरी नेपाली आदिवासी र जनजातिहरूको संस्कृतिमा कोदो तथा कोदोबाट बनाइएको मदिरा विभिन्न कार्यमा आवश्यक पर्ने जानकारहरू बताउँछन् ।
त्यसको उदाहरण दिदैं कतिपयले कोदोको मदिराको ब्राण्डिङ गर्नुपर्ने योजना पनि अघि सारेका छन् ।
१५ फेब्रुवरी २०२२

**कोदोको मदिरा ब्राण्डिङको योजना :**

त्यस्तैमध्येकी एक हुन् कोशी प्रदेशकी पूर्व सामाजिक विकासमन्त्री उषाकला राई ।
उनले आफ्नो कार्यकालमै कोदोको मदिरालाई ब्राण्डिङ गर्ने भनेर एउटा अध्ययन पनि गराएकी थिइन् ।
त्यस अनुसार तत्कालीन प्रदेश(१ सरकारले नीति तथा कार्यक्रममार्फत् नै उक्त योजनालाई अघि बढायो र अहिले पनि

निरन्तरता दिइरहेको अधिकारीहरू बताउँछन् ।

राई भन्छिन्, "संसारभरि मदिराको चलन छ र हामी विदेशबाट महँगा मदिरा ठूलो मात्रामा आयात गरिरहेका छौं भने हामीले घरेलु अवस्थामा रहेको कोदोको मदिरालाई औद्योगिकीकरण र ब्राण्डिङ किन नगर्ने ?''

"त्यसका लागि अनुसन्धान र विकास हुनुपर्छ भनेर मैले बारम्बार यसबारे कुरा उठाउँदै आएकी छु । हामीले कोदोको बहुआयामिक फाइदा लिनुपर्छ ।''

कोशी प्रदेशको उद्योग, कृषि तथा सहकारी मन्त्रालयका उपसचिव रामकृष्ण श्रेष्ठका भनाईमा कोदोको मदिरालाई ब्राण्डिङ गर्ने योजना अहिले उक्त मन्त्रालयमा आइपुगेको छ ।

तर, त्यो योजना खासै अघि बढेको छैन । यद्यपि त्यसका लागि प्रदेश सरकारले पहल गरिरहेको छ ।

उनी भन्छन् । "विशेषगरी कोदोलाई नै लक्षित गरेर घरेलु मदिरा ब्राण्डिङ गर्ने भन्ने योजना अघि बढाइएको हो । तर, मदिरा सम्बन्धी कार्यहरू अहिले संघीय सरकारको मातहतमा रहेकाले अन्य कामहरू अघि बढिसकेका छैनन् ।"

"संघीय सरकारसँग समन्वय गरेर त्यसलाई अघि बढाउनका लागि मन्त्रीज्यूको संयोजकत्वमा घरेलु मदिरा ब्राण्डिङ निर्देशक समिति बनेको छ र त्यसको संरक्षक मुख्यमन्त्री नै हुनुहुन्छ ।"

उनका भनाईमा उक्त निर्देशक समितिले संघ( सरकारसँग आवश्यक समन्वय गरेर मदिरासम्बन्धी नियमनको व्यवस्थालाई प्रदेश मातहत ल्याउन प्रयास गरिरहेको छ ।

त्यो प्रयास सफल भएमा प्रदेश सरकारले कोदोको मदिराको प्रचारप्रसार, गुणस्तर र अन्य नियमनका कार्य अघि बढाउने उनको भनाई छ ।

कोदो :

**सरकारले के गर्दैछ** ?

श्रेष्ठका अनुसार सरकारले कोदोबारे फैलिएका नकारात्मक कुरालाई चिर्नका लागि अभियान चलाइरहेको छ ।

त्यसका लागि प्रचारप्रसार गर्नेदेखि महिला स्वास्थ्य स्वयम्सेविकालाई परिचालन गर्नेसम्मको कार्य सरकारले गरिरहेको छ ।

कोदो बाली सुधार तथा अन्य कार्यका लागि सातवटै प्रदेशका गरी कुल १३३ पालिकामा अहिले कार्यक्रम चलिरहेको उनले बताए ।

चालु आर्थिक वर्षका लागि सरकारले त्यस्ता

# आम सहकारीलाई शंकाको दृष्टिकोणले हेरियो

काठमाडौं जेठ २४

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले केही सहकारीमा आएको अनुशासन हिनताले आम सहकारीलाई शंकाको दृष्टिकोणले हेरिएको बताएका छन् । थोरै सहकारी संस्थाले गरेको वदमासीको कारण सदस्यले सबै सहकारीमाथी अविश्वास गर्दा राम्रा सहकारीलाई समस्या परेको बताए । गतल काम गर्ने सहकारीलाई संघ, महासंघले संरक्षण दिने भन्दा पनि कारवाहीको लागि प्रकृया अगाडि बढाउन सहयोग गर्न सचिव रेग्मीले आग्रह गरे ।

सहकारी क्षेत्रमा समस्या भएको जनाए ।

त्यस्तै कार्यक्रममा बोल्दै सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरेले बचत कर्ताको रकम फिर्ता गर्दैन भन्ने सहकारी सञ्चालनलाई सहकारी ऐनको १२५ दफा बमोजिम कारबाही गर्ने बताए छन् । सहकारीहरु मूल्य मान्यता र सिद्धान्त बाहिर गएर काम गर्दा समस्या आएको बताए । अहिले सहकारीमा आएको समस्या कोभिडका कारणले मात्र नभएर सहकारी सञ्चालकले बचत कर्ताको पैसा आफू खुसी लगानी गरेको हुँदा आएको उल्लेख गरे । 'कोभिडका कारण



बुधबार नेपाल सहकारी पत्रकार समाज ( सीजेएन) र संघीय सहकारी विभागले संयुक्त आयोजनामा भएको कार्यक्रममा सचिव रेग्मी भने, 'गलत काम गर्नेलाई कारवाही गर्दा संघ, महासंघले साथ दिने आग्रह गर्दछु । मन्त्रालय नियमन र सहजकर्ताको भूमिकामा रहन तयार छ ।'

आन्तरिक सुशासनका कारण सहकारीमा समस्या आएको भन्दै त्यसलाई हटाउन अभियन्ता स्वंयम तयार हुनुपर्ने बताउनु भयो । 'बाहिरबाट समस्या समाधान गर्न खोजियो भने निर्ष्कषमा पुगिदैन', । 'समस्या समाधानको लागि भित्रैबाट पहल शुरु गरौं ।' सचिव रेग्मीले, 'सहकारीमा समस्या आयो भनेर डराउनु पर्दैन । सहकारीको समस्या समाधान हुन्छ । सबै सहकारी समस्यामा छैनन् ।'

धेरै जस्तो शहरमा रहेका वचत तथा ऋण

छिटो समस्या आएको हो' । 'सहकारीले नियम भन्दा बाहिर रहेर काम गरेका हुँदा एक पटक समस्या आउने अवस्था रहेको थियो । सहकारीका ठूलो वित्तीय कारोबार हुने भएकाले विभागबाट अनुगमन गरी समस्या समाधान गर्न सक्दैन ।'

त्यस्तै पूर्व सहकारी सचिव गोपीनाथ मैनालीले सहकारी संस्थाहरु सिस्टममा बस्न नचाहँदा समस्या देखिएको बताए । 'शुरुमा सहकारीले राम्रो गरेको भए पनि अहिले सिस्टममा नहुँदा समस्या बढेको हो ।' 'राजनीतिक छाता ओढेका, प्रभुत्व बढी भएका तथा सञ्चालक र व्यवस्थापक एकै व्यक्ति भएका सहरकारीमा समस्या देखिएको हो ।'

मैनालीले भने, 'अहिले सहकारीहरु बैंकजस्तो बन्न खोजे, सहकारी अभियानले सदस्य हितभन्दा सञ्चालकको हितमा आन्दोलन गऱ्यो, जसका कारण स्वार्थको द्वन्द्व बढेको

छ । त्यसमाथि वित्तीय अवस्थाको लेखाजोखा नहुँदा धेरै सदस्य पीडित भएका छन् ।'

अहिले एकै कार्यक्षेत्रमा प्रतिस्पर्धा नहुने पर्ने प्रतिस्पर्धा बढेको, सदस्य तथा सहकारीको व्यवसाय एकै प्रकारको भएको तथा सरकारी अभियान स्वार्थमा लाग्दा पीडित नियामक निकायमा नगई जिल्ला प्रशासन कार्यालय र केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)मा जानुले नियामक प्रतिको विश्वास कम हुँदै गएको मैनालीले बताए । सहकारीको समस्या समयमै समाधान नगरे वित्तीय संकट आउन सक्ने जनाए ।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कँडेलले गलत काम गर्ने सहकारी कारबाहीको भागिदार हुनुपर्ने बताए । समयमा ऐन कानुन प्रभावकारी कार्यान्वयन भएको भए अहिलेको जस्तो समस्या नआउने जनाए। विषम परिस्थितीका कारण केही संस्था समस्यामा रहेका र तिनलाई बचाउन सहयोग गर्न आग्रह गरेको बताए ।

'बैंक तथा वित्तीय संस्थामा ब्याजदर बढेका कारण सहकारीको पैसा बैंकमा जाँदा पनि समस्या भयो ।' 'स्वचालित तरिकाले ब्याजदर निर्धारण गर्नुपर्छ ।' सरकारले ऋण असुली न्यायाधिकरण ल्याएको भए कर्जा उठाउन सहज हुने दाबी गरे । अध्यक्ष कँडेलले सरकारसँग महासंघले गरेको माग पूरा नभए पुनः आन्दोलन जाने बताए ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन)का वरिष्ठ उपाध्यक्ष चन्द्र ढकालले अभियानको ट्र्याकमा आएका सहकारीकै नियमन गर्न नसकेको अवस्थामा ट्र्याक बाहिर भएकालाई नियमन गर्न झन् समस्या भएको बताएका छन् । 'बचत ऋणको कारोबार गर्ने ८ हजार सहकारी ट्र्याकमा छन् र ८ हजारभन्दा बढी ट्र्याक बाहिर छन् ।'

कार्यक्रम सीजेएनका अध्यक्ष काजी श्रेष्ठको सभापतित्वमा भएको थियो ।

---

कार्य गर्न २८ करोड रुपैयाँ वजेट विनियोजन गरेको उनले जानकारी दिए ।

त्यसमा कोदो खेतीका लागि कृषकहरूलाई प्रत्यक्ष अनुदान दिने कार्यक्रम समेत समावेश छ ।

त्यस्तै परिकार विविधिकरण गर्नका लागि तालिम दिने र रैथानले बाली संरक्षणको काम पनि अघि बढेको छ ।

***स्रोत : बिबिसी नेपाली सेवा***

# भरतपुरका दूग्ध सहकारीलाई लेखापालन तालिम

चितवन : भरतपुर महानगरपालिकाकाले दुग्ध उत्पादक सहकारीलाई केन्द्रीत गरेर आधार भुत सहकारी लेखापालन तालिम शुरु गरेको छ । शनिवार देखि भरतपुर १० मा रहेको जिल्ला सहकारी संघको सभाहलमा सुरु भएको तालिम ६ दिन सम्म संचालन हुने छ ।

भतरपुर महानगरपालिकाको सहकारी तथा रोजगार प्रवर्द्धन शाहाले आयोजना गरेको यस तालिममा ३० वटा सहकारी संस्थाका पदाधिकारी तथा व्यवस्थापकहरुको सहभागीता रहेको छ । उद्घघाटन जिल्ला सहकारी संघ चितवनका बरिष्ठ उपाध्यक्ष भक्तिराम अधिकारीले गरेका थिए । उनले सहकारीहरुलाई सक्षम र परदर्शी बनाउन यस्तो तालिमले महत्वपूर्ण भुमिका निर्वाह गर्ने बताए ।

भरतपुर महानगपालिकाले जिल्ल दुग्ध उत्पादक सहकारी संघ चितवनसंग सहकार्य गरेर तालिमको आयोजना गरेको भन्दै संघका अध्यक्ष किशोर बगाले महानगरलाई धन्यवाद व्यक्त गरेका थिए । उनले भने (भरतपुर महानगरपालिकाले उत्पादनको आधारमा दूधमा अनुदानको सुरुवा गर्यो जसको सिको अहिले देश भरी भएको छ। क्षमता विकासको लागि आयोजना गरेको तालिमले पनि हामी उत्साहित छौँ। सहकारी संस्थाहरुलाई कुसल ढंगले संचालन गर्न तालिम उपयोगी हुने बगालेको विश्वास छ । तालिमको पहिलो दिन भरतपुर महानगरपालिकाको सहकारी तथा रोजगार प्रवर्द्धन शाखाका प्रमुख बाबुराम पौडेलले तालिमको सहजीकरण गरेका थिए ।

# सरकारले असार १५ गते ... २० औं राष्ट्रिय धान दिवस र रोपाई

ललितपुर, सरकारले ' जलवायु अनुकूलित कृषकमैत्री प्रविधि : धान उत्पादनमा वृद्धि ' भन्ने मूल नाराका साथ असार १५ गते ' २० औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव ' गर्ने भएको छ । कृषि विभागका महानिर्देशक हरिबहादुर के.सी. को अध्यक्षतामा बसेको मूल समारोह समितिको बैठकले वि.सं. २०६१ सालदेखि मनाइँदै आएको धान दिवस तथा रोपाइँ महोत्सव मनाउने निर्णय गरेको हो । धान नेपालको प्रमुख खाद्यान्न बाली र खाद्य



सुरक्षाको प्रमुख आधार रहेको बाली विकास तथा कृषिजन्य विविधता संरक्षण केन्द्रले जनाएको छ । आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिकलगायतको महत्त्व रहेको धानबालीलाई एउटा बालीका रूपमा मात्र नभई औसत नेपालीको जीवन पद्धतिका रूपमा हेरिने गरिएको छ ।

धानको यिनै विविध महत्त्वलाई दृष्टिगत गरी उत्पादन वृद्धि एवम् आधुनिकीकरण र व्यवसायिकीकरण गर्न दिवस बनाउन लागिएको कृषि विभागले जनाएको छ । जलवायु परिवर्तनका कारण धान खेतीमा बढ्दो नकारात्मक असरलाई न्यूनीकरण गर्न जलवायु अनुकूलित प्रविधिको अनुसन्धान र विकास एवम् उपलब्ध प्रविधिको प्रचारप्रसार गरी अवलम्बन गर्न यस्ता दिवस र महोत्सव सहायकसिद्ध हुने छ । नेपालमा धानखेतीका लागि तराई र भित्री मधेस तथा पहाडका फाँटलाई उर्वरभूमि मानिन्छ । पछिल्लो समय उन्नत जातको धानखेतीका लागि सरकारले कृषकलाई प्रोत्साहन गरेको छ भने रैथाने पुराना बीउ प्रवर्द्धनमा पनि जोड दिँदै आएको छ । कृषक र अन्य पक्षलाई यस्ता विषयमा सचेत र जागरुक तुल्याइ धान उत्पादन एवम् उत्पादकत्व बढाउन यस वर्षको नाराले सन्देश दिएको छ ।

# रोक्यो सिन्धुली लैजान लागिएका १७ वटा दुहुना गाई



दूध उत्पादनका लागि खरीद गरिएका दुहुना गाई चितवन नाकामा अलपत्र परेका छन् । चितवनबाट खरिद गरी सिन्धुली लैजान लागिएका १७ वटा दुहुना गाई चितवनको लोथरमा प्रहरीले रोकेपछि अलपत्र परेका हुन् । दुईवटा गाडीमा राखिएको १७ वटा गाई हिजो साँझदेखि अलपत्र रहेको किसान बाबुराम श्रेष्ठले बताए ।

यसअघि १४ वटा गाई खरीद गरेर लगेका थियौं,' उनले भने, 'यसपटक गाउँपालिका र वडाको कागजपत्र र सिफारिससहित गाई लैजान लागेको भए पनि सिमानामा रोकियो । 'ऋण लिएर दूध उत्पादन बढाउने हिसाबले खरिद गरिएका गाई हामीलाई मासुका लागि तस्करी गरेको भनेर रोकियो,' उनले दुःखेसो गर्दै भने, 'दिउँसो अत्यधिक मात्रामा गर्मी हुन्छ, गाईलाई समस्या हुन्छ भनेर साँझ नै गाडीमा लोड गरिएका गाई गाडीभित्रै भोकभौकै छन् ।'

हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्थाले सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिकामा रहेका कृषकलाई व्यावसायिक बनाउने उद्देश्यले व्यावसायिक पशुपालनलाई अभियानकै रूपमा अघि बढाएपछि त्यहाँका किसानले पशुपालनको कार्य थालेका हुन् । सहकारीका प्रबन्ध सञ्चालक सुमन थापाले भने, 'हाम्रो यो ठाउँ दूध उत्पादनको लागि भर्जिन ल्याण्ड हो । चितवन, मकवानपुर लगायतका जिल्लाबाट गाई ल्याउनुको विकल्प हामीसँग छैन । तर, प्रहरी प्रशासनमार्फत किसानलाई हतोत्साहित गराउने काम भएको छ ।'

थापाका अनुसार गोलन्जोर गाउँपालिकाको वडा नम्बर ३, ५, ६ र ७ का कृषकलाई कृषक समूह श्रीकृष्ण कृषि तथा दुग्ध उत्पादक कृषक समूहमार्फत संगठित गर्दै दूध उत्पादनका लागि पशुपालन सम्बन्धी कार्यको थालनी गरिएको हो ।

गाई दूध र स्रोत केन्द्रको रूपमा चितवनलाई लिने गरिन्छ । किसानले एक लाखदेखि डेढ लाख रुपैयाँसम्ममा खरीद गरेर ५० वटा गाई क्रमिक रूपमा सिन्धुली लैजाने तयारीमा छन् ।

जिल्ला दूध उत्पादक सहकारी संघ चितवनका अध्यक्ष किशोर बगाले यो कार्य प्रहरी प्रशासनको किसानमाथिको हेपाहा कार्य भएको बताउँछन् । 'यहाँ विदेशबाट उत्पादन बढाउन गाई ल्याउने कुरा गरिन्छ । त्यसका लागि राज्यशक्ति नै लाग्छ । तर, एक जिल्लाबाट अर्को जिल्लामा किसानलाई गाई पठाउँदा रोकावट किन हुन्छ ?'

सम्बन्धित पालिकाको सिफारिस नभएको कारण गाई पठाउन रोकिएको प्रहरी प्रशासनको भनाई छ । जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख एवं प्रहरी उपरीक्षक (एसपी) रामेश्वर कार्कीले सिफारिस नभएको कारण गाई पठाउन नसकिएको बताए ।

उनले भने, 'चितवनको नाकामा मात्र होइन, सम्बन्धित पालिकाको सिफारिस नभएपछि अन्यत्र नाकामा पनि गाई रोकिन्छ । अरू स्वार्थ केही होइन । सम्बन्धित पालिकाको सिफारिस भयो भने हामीलाई केही समस्या हुँदैन । अघिल्लोपटक पनि उहाँहरूले गाई लानुभएको थियो । त्यो समयमा व्यावहारिकता हेरेर पठाइयो । सधैं यसरी नै पठाउँदा राजमार्गमा तस्करी गर्नेहरूलाई प्रोत्सान हुन सक्छ ।'

तर, पालिकाको सिफारिस देखाउँदै किसानहरूले भने, 'विनाकारण गाई सडकमा अलपत्र पारिएको छ । हामीसँग सम्बन्धित पालिकाको सिफारिस पत्र छ ।'

कृषि उत्पादनमा वृद्धि र सहजता,
कृषि यान्त्रीकरणको प्रवर्द्धन र उपयोगिता देश
आत्मनिर्भरताको मूल आधार, कृषि विकासमा नविनम्
सुधार
कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण
प्रवर्द्धन केन्द्र
( CAIDMP)

# नवौं राष्ट्रिय खाद्य तथा सम्मेलन सम्पन्न प्रेस नोट

२०८० जेठ २९ र ३० गते, काठमाण्डौमा नेपाल खाद्य खाद्य तथा गुण नियन्त्रण राष्ट्रिय विज्ञान तथा प्राविधिक संघ (नेफोस्टा), खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र ँeed the future food systems for nutrition innovation lab at Tufts University को आयोजना तथा बलियो नेपाल, केन्द्रीय प्रविधि क्याम्पस धरान र विजनेस नेटवर्क नेपालको सह(आयोजनामा स्वच्छ र स्वस्थ आहार एवम् दिगो खाद्य प्रणालीका लागि खाद्य प्रविधि विज्ञान र नवप्रवर्तन (ँood Science and innovation for safe healthy diets and sustainable food systems) भन्ने मूल नाराका साथ नवौं राष्ट्रिय खाद्य प्रविधि विज्ञान तथा प्रविधि सम्मेलन भईरहेको छ । यस सम्मेलनको उद्घाटन प्रमुख अतिथि माननीय कृषि तथा पशुपन्छी विकाश मन्त्री डा. वेदुराम भुसालले गर्नु भएको थियो ।

नेपालले अंगिकृत गरेका दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न विज्ञान तथा प्रविधिको अत्यन्त महत्वपूर्ण भूमिका रहेको कुरा सर्वविद्धितै छ । त्यसका साथै सन् २०२१ मा विश्व खाद्य प्रणाली शिखर सम्मेलन (World Food System Summit) मा समेत सम्माननीय प्रधानमन्त्रि ज्युले नेपाल यस महान अभियानमा विश्वसँग सहकायक गने भनेर विभिन्न प्रतिवद्धता जाहेर गरिसकेको अवस्था छ । यसका अतिरिक्त नेपालको खाद्य स्वच्छता, खाद्य सुरक्षा, र पोषणको समग्र अवस्था नसुधारिकन शिक्षाको सर्वांगीण विकास हुन नसक्ने कुरामा समेत दुईमत नै छैन । यिनै परिप्रेक्ष्यमा विभिन्न उद्देश्यहरुका साथै र विशेष गरेर ४ मुलभूत उद्देश्य प्राप्त गर्नका लागि वातावरण सिर्जना गर्न यो सम्मेलन आयोजना गरिएको छ ।

१. नेपालले विश्व खाद्य प्रणाली शिखर सम्मेलनमा जाहेर गरेका प्रतिवद्धता प्राप्त गर्न,

२. नेपालको खाद्य स्वच्छता, खाद्य सुरक्षा, र पोषणको अवस्थामा थप सुदृढीकरण गर्न,

३. नेपालमा अवस्थित परम्परागत एवं ग्रामिण प्रविधिको प्रवर्द्धन गर्न, तथा

४. नेपालको समग्र खाद्य इको सिस्टमको दिगो विकास गर्न

यस सम्मेलन देश तथा विदेशमा वैज्ञानिक तथा एवं अनुसन्धानकर्ताहरुको शोध पत्र, छलफल, प्राविधिक प्रदर्शनी लगायत प्राप्त वैज्ञानिक निष्कर्षबाट सिर्जित हुने काठमाडौं घोषणा पत्र प्रकाशन गर्ने लक्ष्य रहेको छ । सो घोषणा पत्र आवश्यकता अनुसार प्रधानमन्त्रिको कार्यालय, लगायत विभिन्न मन्त्रालय एवं निकायहरु, नीति निर्माताहरु, निजी क्षेत्र, संयुक्त राष्ट्र संघका निकायहरु, विकास साझेदार संस्थाहरु एवं सम्पूर्ण सरोकारवालाहरु माझ पैरवी तथा जनचेतना अभिवृद्धिमुलक कार्यक्रमहरु गर्नका लागि प्रयोग गरेको छ ।

यस कार्यक्रम आयोजक समितिका अध्यक्ष डा.अतुल उपाध्याय (अध्यक्ष, नेपाल खाद्य वैज्ञानिक तथा प्राविधिक संघ), सह(अध्यक्षहरु डा.मतिना जोशी वैध (महानिर्देशक, खाद्य




प्रविधि तथा गुण नियन्त्रण विभाग), डा.दिल कुमार लिम्वु (क्याम्पस प्रमुख, केन्द्रीय प्रविधि क्याम्पस), र डा.प्याट्रिक वेव (प्रोफेसर), ँभमम तजभ ागतगचभ ाययम कथकतभ्रक ायच लगतचष्तष्यल ष्लयखबतष्यल बिद) हुनुहुन्छ । त्यस्तै यस सम्मेलनको सदस्य( सचिवको भूमिका श्री प्रविण ओझा ( महासचिव, नेपाल खाद्य वैज्ञानिक तथा प्राविधिज्ञ संघ)ले निभाउनु भएको छ ।

यस सम्मेलनमा मुख्य छलफल हुने विषय यस प्रकार छन ।

( खाद्य प्रविधि र विज्ञानको सहयोगले पोषण न्हासलाई कम गर्न

( खाद्य पदार्थको क्षती र नोक्सानी कम गर्न खाद्य विज्ञान तथा प्रविधिको महत्व

( रैथाने प्रविधि महत्व खाद्य र पोषण सुरक्षामा र जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न ।

यस सम्मेलनमा मुख्य छलफल हुने विषय यस प्रकार छन् ।

- खाद्य प्रविधि र विज्ञानको सहयोगले पषिण ह्रासलाई कम गर्न ।

-खाद्य पदार्थको क्षती र नोक्सानी कम गर्न खाद्य विज्ञान तथा प्रविधिको महत्व

- रैथाने प्रविधि प्रणालीको महत्व(खाद्य र पोषण सुरक्षामा र जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न ।

- उच्च मुल्यजाने प्रणालीको उत्पादन र प्रशोधन तथा स्पेशिफिकेशन समेतत्

- खाद्य स्वच्छता तथा दिगो र लचिलो खाद्य प्रणाली

यो सम्मेलनको पहिलो दिन डा.उषा झा दोस्रो दिन त्गाकक विश्वविद्यालयका प्रोफेसर डा. प्याट्रिक वेवले खाद्य प्रणाली र यसको रुपान्तरण सम्बन्धी सम्वोधन गर्नु भएको थियो । दुई दिनको सम्मेलनमा ७ वटा टेक्निकल र सत्र थियो । जसमा देश तथा विदेश गरेर २४ वटा मौखक प्रस्तुतिहरु थिए । त्यस्तै गरेर सम्मेलनमा ३ वटा विभिन्न समसामयिक विषयका प्यानल छलफल थियो । जसमा नीति बनाउने सांसद, सरकारी उच्च कर्मचारीहरु, अन्तराष्ट्रिय क्षेत्रमा संलग्न व्यक्तिहरु र अन्तर्राष्ट्रिय वक्ताहरुले भाग लिएका थिए । सम्मेलनमा खाद्य प्रणाली, खाद्य प्रविधि तथा विज्ञान, पोषण, खाद्य सुरक्षा, जलवायु परिवर्तन र नवप्रवर्द्धनको विषयलाई सम्वोधन गर्ने ३० भन्दा बढी पोस्टर प्रस्तुत पनि समावेश गरिएका थिए । यस सम्मेलनमा ३०० भन्दा बढी सहभागी भएका थिए । सहभागीहरु नेपाल सरकारका कर्मचारी, प्राध्यापकहरु, उद्योगी र उद्योगमा कार्यरत खाद्य प्रविधिककहरु, गैर सरकारी संस्थाका प्रतिनिधीहरु, विभिन्न विषयको अध्ययन गरिरहेका विद्यार्थीहरु, भारत, बंगलादेश र अमेरिकाका प्रतिनिधि उपस्थिति थिए ।

डा.अतुल उपाध्याय

**अध्यक्ष**

९ औ खाद्य विज्ञान तथा प्रविधि सम्मेलन तथा नेपाल खाद्य वैज्ञानिक तथा प्राविधिक संघ

# राजधानीमा विश्व खाद्य दिवस २०२३

*भारतबाट कवाडीको रुपमा भित्रिएको चामल खाइरहेको बताउँदै नेपाल सरकारले विषादीको नियन्त्रण गर्न नसकेको बताए । महर्जनले भन्नुभयो विभागलाई खाद्य वस्तु जताबाट आएपनि स्वतन्त्र रुपमा कामगर्न दिदैन । औषधी लगायत वस्तुहरु आयत गरेर खाइरहेको छौं ।*

**जे.वी बम्जन :**

'खाद्य पदार्थमा मापदण्ड, जीवन रक्षार्थ आधारस्तम्भ' मूल नाराका साथ नेपालमा विश्व खाद्य दिवस सम्पन्न भएको छ ।

काठमाडौं जेठ २५ खाद्य तथा गुण नियन्त्रण विभाग, काठमाडौं महानगरपालिका, संयुक्त राष्ट्र संघ विश्व खाद्य संगठन, विश्व स्वास्थ्य संगठन, नेपाल खाद्य प्राविधिक वैज्ञानिक संघ लगायत संस्थाहरुको संयुक्त सहकार्यमा विश्व खाद्य दिवस २०२३ काठमाडौंको सभागृहमा भाव्यताका साथ सम्पन्न भएको छ ।

विश्व खाद्य दिवसको अवसरमा बोल्दै प्रमुख अतिथि डा.वेदुराम भुसालले नेपाल सरकारले खाद्य सम्प्रभुत्ता ऐन बनाईसके पछि नियमावाली बनाउने क्रममा संसदमा अगाडि बढाएको बताउँनु भयो । भुसालले नेपाल सरकारले खाद्य र कृषि उत्पादनलाई उच्च प्राथमिकतामा राखेको बताउँदै कोही पनि भोकै रहनु नपरोस् भन्ने सरकारको धारणा रहेको बताउनु भयो ।

नेपालको कृषि क्षेत्र, जनताको अवस्था खाद्य सुरक्षा, नीति नियमहरु, उत्पादन, बजारीकरण, उपभोक्ता र सम्बन्धित निकायको सफलताको कामना गर्दै, अगाडि बढ्न प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले विश्व खाद्य दिवसका अवसरमा शुभकामना पठाएका थिए ।

उपभोक्ता संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँले ऐनको अभावमा खाद्य तथा गुण नियन्त्रण विभाग टुहुरो जस्तो भएको बताउँदै ठीक बेठीक छुट्याउन सरकारलाई आग्रह गर्नु भएको छ । कहिलेसम्म साथ रहने ? खाद्यमा वजेट छ । ऐन नभएको कारण के गर्ने, के नगर्ने भइरहेको छ ।

उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले भारतबाट कवाडीको रुपमा भित्रिएको चामल खाइरहेको बताउँदै नेपाल सरकारले विषादीको नियन्त्रण गर्न नसकेको बताए । महर्जनले भन्नुभयो विभागलाई खाद्य वस्तु जताबाट आएपनि स्वतन्त्र रुपमा कामगर्न दिदैन । औषधी लगायत वस्तुहरु आयत गरेर खाइरहेको छौं । अहिले आलु भुटान, धनियाँ अष्ट्रेलियाबाट मगाएर खाइरहेका छौं ?

नेपाल खाद्य वैज्ञानिक प्राविधिक संघ (नेफोष्टा)का अध्यक्ष अतुल उपाध्यक्षले खाद्यको विषयमा जनतामा लिएर जाऔं भन्दै आएको छौं । प्रशोधित खाद्य पदार्थ मिति नाघेर फुड लस भएका छन् । जुन ठाउँमा खाद्य स्वच्छता



बनाई दिने हो त्यो हुन सकिरहेको छैन ।

खाद्य तथा गुण नियन्त्रण विभागका पूर्व महानिर्देशक जीवनप्रभा लामाले महानगरपालिकाले विभागसँग सहकार्य गर्दै जाने बताउँदै खाद्य दिवस विगत १५ वर्षदेखि मनाउँदै आएका छौं । उहाँले स्वास्थ्य क्षेत्रमा धेरै पैसा खर्च भएका छन् । स्वच्छ खाद्यान्न खाएर रोग नै नलाग्ने गरि शुद्ध खान सके स्वास्थ्यका धेरै समस्याहरु समाधान हुने बताउनु भयो ।

लामाले महानगरपालिकाले पाइलटिङ्ग परियोजनाको रुपमा कामगर्न गईरहेका बताउँदै ३२ वटै वडाका जनप्रतिनिधीहरुसम्म छलफल गरेका छौं । खानाको गुणस्तर वृद्धि गर्छौं । विजनेश वृद्धि गर्छौं, अनुगमन होइन तालिम दिन्छौं । यस कार्यक्रम प्रति अन्य नगरपालिकाहरुले पनि चाँसो राखेको बताउनु भयो ।

खाद्य स्वच्छता सम्बन्धी कार्यक्रम ५ वटा पिलर महाशाखाको रुपमा स्थापना भएको छ । खाद्य पदार्थलाई डिभिजनको रुपमा स्थापना गर्ने छौं । वधशालाको व्यवस्थापन, खाद्य स्वच्छता विषयक विद्यालयको पाठ्यक्रममा समावेश गर्ने सोँच बनाएका छौं ।

विश्व खाद्य संगठनका नेपाल र भुटानका प्रतिनिधी केन शिमिजुले विश्वका ६ करोड बालबालिकाहरु कुपोषणको शिकार भइरहेको अवस्थामा यस प्रकारको कार्यक्रमहरुले कुपोषण घटाउन सहयोग पुर्‍याउने बताउनु भयो । खाद्य सुरक्षा विना हामी बाँच्न सक्दैनौ र सचेत उपभोक्ताहरुको सहकार्य र समन्वय खाँचो भएको बताउनु भयो ।

कृषि विकास मन्त्रालयका पशुपन्छी तर्फका सचिव दिपक खरालले नेपालको उपल्लो तहमा खाद्य स्वच्छता पूरा गर्न ४ वटा माप दण्डहरु पूरा गर्नु पर्ने बताउनु भयो । १ खाद्य अधिकार, २ विश्वव्यापी समान कामका लागि समान ज्याला, ३, खाद्य सुरक्षाको सहज वातावरण, ४. खाद्य स्वच्छतामा सहज रुपमा उपभोक्ताको पहूँच हुनुपर्ने, ५, खाद्य संयन्त्रमा संलग्न हुनु भएका किसानहरुले गरिएको लगनशिलताको कदर गर्नुपर्ने बताउनु भयो । खाद्य विभागलाई परिमार्जन गर्न जरुरी भएको बताउनु भयो । खाद्य तथा गुण नियन्त्रण विभाग नाफामूखी भन्दा कार्यमूखी हुनु पर्ने बताए । खाद्य सुरक्षा ऐन आएपनि नियम आएन । धान्न सक्छन् कि सक्दैनन् भन्ने कुरा छ । एकीकृत कृषि ऐनको अभाव छ ।

वजेट पछि कृषि विभागसँग समन्वय गरि खाद्य तथा गुण नियन्त्रण विभागलाई प्रभावकारी बनाउन आग्रह गर्दछु ।

कृषि विकास मन्त्रालय कृषि तर्फका सचिव डा.गोविन्द शर्माले हामीले जे कुरा खाएका छौं सबै व्यवहार शास्त्रमा पनि त्यही रहेको बताए । विगतमा सबैको घरमा अन्नबाली उत्पादन गर्थ्यौं । आज उपभोक्ताहरु पनि विभिन्न किसिमका भयौं । होटल रेष्टुरेन्टको लागि तरकारी कहाँबाट उत्पादन हुन्छ ? शुरुवात कहाँबाट हुन्छ भन्ने कुरा गर्नु पर्दछ । उत्पादन र प्रशोधनमा ध्यान दिएपछि बजारीकरण गर्दा राम्रो हुन्छ । सड्डे आलुको ठाउँमा बिग्रेको आलु पऱ्यो भने अरु पनि कुहिन्छ । कानूनी रुपमा प्रवेश भएर खाने कुरालाई स्वच्छ बनाउनु पर्छ । हामीले विगत १५ वर्षदेखि खाद्य दिवसा मनाउँदै आएका छौं । कृषि क्षेत्र जहाँ हेऱ्यो त्यही संवेदनशील छ । ऐन बनाएर धेरै समस्याको समाधान गर्न सक्छौं । सबैले सबैलाई योगदान गरौं । प्राथमिक रुपमा स्ट्याण्डर्ड बनाएर सम्बन्धित निकायमा पठाऔं ।

भन्सारमा प्रवेश गर्ने खाद्य वस्तुहरु मासु, दुध र तरकारीमा कडाईमा केन्द्रीत गर्ने भनेका छौं । खाद्य स्वच्छता विधेयक क्याविनेटमा गएको छ ।

विभागको उप-महानिर्देशक शैलेस कुमार झाले अस्वस्थ खाना खाएको कारण विश्वमा १६ लाख मानिसहरु अस्वास्थ रहेको बताउनु भयो । अस्वस्थ खानाको कारण नेपालमा पनि वर्षेनी ३४० बच्चाको मृत्यु हुने गरेको, र खाद्यबाट बनेका २०० भन्दा बढी परिकारहरु बजारमा उपलब्धता रहेको पनि बताउनु भयो । स्वच्छ खाना आवश्यक पर्ने रहेछ । उत्पादनको शुरुवात देखिनै स्वच्छ उत्पादन बनाउने पर्नेछ । खाद्य स्वच्छता विना स्वास्थ्यको सुरक्षा नहुने बताउनु भयो ।

विश्व स्वास्थ्य संगठनका नेपाल निर्देशक डा.राजेश सिहं पाण्डवरावले खाद्य असुरक्षाको कारण धेरै मानिसहरुको अकालमा ज्यान जाने गरेको बताउनु भयो । स्वास्थ्यमा समस्या आउनु खाने कुरामा नै ध्यान नदिनु हो । स्वच्छ खाद्य वस्तु खान पाउने नागरिकको नैसर्गिक अधिकार भएकाले सम्बन्धित निकायले अनुगमन गरि भुमिका निभाउनु पर्ने बताउनु भयो ।

काठमाडौं महानगरपालिका कार्याकारी प्रमुख वसन्त अधिकारीले महानगरपालिकाले खाद्य सुरक्षा र खाद्य स्वच्छताको लागि परियोजनाको रुपमा कार्यक्रम बनाई महानगर वासीहरुमा पुऱ्याउने बताउनु भयो । विभागसँग मिलोर काम गर्नु पाउँदा महानगरलाई अझ सहज बन्ने पनि उहाँको भनाई थियो ।

# नेपाली उपभोत्ता संरक्षण महासंघको सदस्य बने पूर्वमन्त्री जोशी

काठमाडौ । पूर्वमन्त्री एवम् बर्तमान सांसद भानु भक्त जोशी कालोबजारी गुणस्तरीयहिन वस्तु तथा सेवाको पूर्ण निस्क्रियता, उपभोत्ताको हक हितको लागि जनस्तरको खबरदारी गर्ने उदेश्यले स्थापीत नेपाली उपभोक्ता संरक्षण महासंघको साघरण सदस्य बनेका छन । जोशीलाई महासंघको कार्यालय बिजुली बजारमा नेपाली उपभोत्ता संरक्षण महासंघका अध्यक्ष चन्द साउदले साघारण सदस्यता प्रदान गरेका हुन । सोही अवसरमा पूर्व माननीय हिक्मत बहादुर शाहीलाई पनि सदस्यता प्रदान गरिएको थियो ।




सदस्यता लिएपछि बोल्दै सांसद जोशीले आम उपभोक्ताले भोग्नुपरेको कालोबजारी, भ्रष्टाचार, कुशासन, गुणस्तरहिन/अखाद्य वस्तु तथा सेवाकाविरुद्ध उपभोक्ता हकहितका लागि संसदमा आवाज उठाउने प्रतिवद्धता ब्यक्त गरे । महासंघका अध्यक्ष चन्द्र साउदले नेपालको कालोबाजारी, भ्रष्टाचार, गुणस्तरहिन् अखाद्य(विषादी वस्तुको निर्मुलिकरण गरी सर्व( साधारणको चुलोमा स्वस्थ खाना र जीवनमा स्वस्थता ल्याउन महासंघ लागि परेको बताए । महासंघका केन्द्रीय सदस्य तथा कानून बिभाग प्रमुख अधिवक्ता बिष्णु गिरीले देशमा ठूला( ठूला राजनीतिक परिवर्तन भए पनि देशमा राजनीतिक नेता तथा मुट्ठीभर व्यवसायी बाहेक आम नेपाली उपभोक्ताका जीवनस्तरमा समय सापेक्ष परिवर्तन हुन नसकेको बताए । पछिल्लो समय नेपाली उपभोत्ता संरक्षण महासंघ सदस्यता वितरणलाई तिव्रता दिएको छ ।

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना सानोठिमी, भक्तपुर

**कार्यक्रम सञ्चालित जिल्लाहरु :** जाजरकोट, डोटी, दार्चुला, अछाम, बझाङ र बाजुरा

**मुख्य उद्देश्य :** खाद्यान्न अभाव र शिक्षाको पहुँचमा अति न्यून् देखिएका जिल्लाहरुका सामुदायिक विद्यालयका बालबालिकाहरुलाई आधारभूत शिक्षा पहुँचमा अभिवृद्धि गर्न तथा विद्यार्थीको पोषण र स्वास्थ्य स्थिति सुधार ल्याउने कार्यक्रम सञ्चालित जिल्लाहरुमा सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि कक्षा ५ सम्म सम्पूर्ण विद्याथीहरुलाई प्रति दिन प्रति विद्यार्थी (चामल ८० ग्राम, दाल २० ग्राम, तेल १० ग्राम र नुन २ ग्राम) गरी जम्मा ११२ ग्राम खाद्यान्नबाट विद्यालयमा नै खाजा पकाई खुवाउने कार्यक्रम रहेको छ ।

नेपाल सरकार
खाद्य कार्यक्रम परियोजना

# मसिनो र बास्नादार धानको जात सुगन्धित धान(१) को चिनारी

सुगन्धित धान-१ बारे सामान्य जानकारी : यो धानको उत्पत्ति भारतबाट भएको हो। पूसा बास्मती र आइंटी १२६०३ बिचको क्रसबाट यो जातको विकास गरिएको हो। शुरुमा यो जात अन्तर्राष्ट्रिय धान अनुसन्धान प्रतिष्ठान, फिलिपिन्सबाट सन् २००८ मा इन्जर नर्सरी। INGER Nursery को रूपमा प्राप्त भएको थियो।



त्यसपछि विभिन्न परीक्षणहरू जस्तै प्रारम्भिक जातीय परीक्षण, समन्वयात्मक जातीय परीक्षण, कृषकको खेतबारीमा गरिएको परीक्षणहरूको नतिजाबाट उत्कृष्ट देखिएकाले यो जातलाई खेती गर्नको लागि सिफारिस गरिएको हो।

**यसको जातीय विशेषताहरू :**

यो वास्नादार धानको जात हो। यसको बोट, धान तथा पकाउने बेलामा चामलमा समेत पनि बासना आउँछ। यो जातलाई किसानले मन पराउनुको मुख्य कारण यसको बासनायुक्त गणले नै हो। यसका मुख्य जातीय विशेषताहरू तलको तालिकामा प्रस्तुत गरिएका छन्।

**जातीय गुणहरू :**

जात बोटको

**उचाई :**

(से.मी) पाक्ने अवधि (दिन) उत्पादन (टन प्रतिहेक्टर) १००० दानाको तौल (ग्राम) बोट संख्या प्रति गाँज दानाको लम्बाई (से.मी) दानाको चौडाई (मी.मी.)

सुगन्धित धान(१ १०५ १४५ ४.५ २२ २४३ ९.६ २.४

**पौष्टिक तथा प्रशोधन गुणहरू :**

जात प्रोटिन (%) चिल्लो पदार्थ (%) एमाइलोज (%) चामल पर्ने मात्रा (%) खुद चामलको मात्रा (%) चामलको आकार चम्किलोपना

सुगन्धित धान(१ १.००५ ०.८९ २२.४ ६८ ५२ मसिनो, लामो मध्यम

**अन्य विशिष्ट गुणहरू :**

राम्रो उत्पादन हुने, खान मिठो, पकाएपछि नरम, भुजाको लागि उपयुक्त, मरुवा र डढुवा रोग निरोधक क्षमता भएको इत्यादि भएको जात हो।

**हावापानी र भौगोलिक आवश्यकता :**

यसलाई तराई भित्रीमधेस, वसी र मध्य पहाडको समशीतोष्णीय उष्ण प्रदेशीय हावापानीमा खेती गर्न सकिन्छ।

**लगाउने ठाउँ र समय :**

यो जात सिञ्चित र असिञ्चित दुबै ठाउँमा खेती गर्न सकिन्छ। यसलाई मुख्य वर्षायाममा मात्र खेती गर्न सकिन्छ। बोट मध्यम भएको हुँदा यसलाई मलिलो जग्गामा लगाउन जरुरी हुन्छ।

**जग्गाको तयारी :**

बाँझो जोतिसकेपछि साधारणतया एक वा दुई पटक ट्र्याक्टर वा गोरुको सहायताले हिल्याउने गर्नुपर्दछ।

**बिउको मात्रा र ब्याड व्यवस्थापन :**

बिउ ४५ के.जी. प्रति हेक्टर चाहिन्छ। यसको धुले र हिले दुबै किसिमका ब्याड राख्न सकिन्छ। ब्याड जेष्ठको अन्तिम अथवा आषाढको दोस्रो हप्तासम्म राख्न उपयुक्त हुन्छ। बेर्नाको उमेर र दुरी बेर्ना २०(२५ दिनको भएपछि रोप्न सकिन्छ। बेर्ना रोप्दा बोटदेखि बोटको दुरी २० से.मी. र लाइनदेखि लाइनको दुरी २० से.मी. को फरक पारी रोप्नु उपयुक्त हुन्छ।

**मलखादको मात्रा :**

माटो उर्वराशक्तिलाई ध्यानमा राखी कम्तीमा १० टन प्रति हेक्टर कम्पोस्ट मल साथै १०० के.जी. नाइट्रोजन, ३० के.जी. फस्फोरस र ३० के.जी. पोटास प्रति हेक्टरका दरले दिन उपयुक्त हुन्छ। सामान्यतया धानखेतमा जिंकको कमी देखिने गर्दछ। यसको लागि जिंकसल्फेट २० के.जी. प्रति हेक्टरका दरले प्रयोग गर्नु नितान्त जरुरी छ।

**सिँचाई :**

यो आकाशे पानीको भरमा समेत खेती गर्न सकिने जात भएको हुँदा खडेरी परेमा मात्र सिँचाई दिन उपयुक्त हुन्छ। खेतमा ५(६ से.मी. पानी रहने गरी व्यवस्थापन गर्न उपयुक्त हुन्छ र लगातार खेतमा पानी जमिरहन दिनुहुँदैन। यदि सिँचाईको सुविधा छ भने १५/१५ दिनको अन्तरमा खेतलाई १(२ दिनसम्म सकाएर मात्र पानी लगाउनु पर्दछ।

**झारपात नियन्त्रण :**

रोपेको २ देखि ३ दिनभित्र वुटाक्लो र २ मिली लिटर प्रतिलिटर पानीमा मिसाई प्रयोग गर्ने र रोपेको ३० दिनपछि एक पटक हातले गोडमेल गर्नुपर्दछ।

बालीचक्र :

धान र गहुँ, धान र मसुरो वा चना, धान र मकै।

**रोग/किरा नियन्त्रण :**

सामान्यतया यो धानको जात रोग किरा अवरोधी हो। केही कारणवश रोगकिरा लाग्न गएमा एकीकृत रोगकिरा व्यवस्थापन र रोग किराको उपयुक्त कीटनाशक र रोगनाशक विषादी प्रयोग गर्नाले उत्पादनमा ह्रास हुँदैन। अन्य धानका जातहरूमा जस्तै यसलाई पनि एकीकृत रोगकिरा व्यवस्थापन विधि अपनाउनुपर्दछ।

**बाली काट्ने, सुकाउने, भण्डारण र उत्पादन :**

धानको दानाको चिस्यान १८ देखि २०% भएपछि बाली कटानी गर्न उपयुक्त हुन्छ र राम्रो व्यवस्थापनमा यसको औसत उत्पादन ४ देखि ४.५ टन प्रतिहेक्टर हुन्छ। तीन( चार घाममा सुकाएर दानाको चिस्यान १३.५ भएपछि भण्डारण गर्दा किराले कुनै नोक्सान गर्दैन। हरेक १.५ देखि २ क्विन्टलमा १ चक्की सेल्फस राख्नुपर्दछ।

स्रोत : राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्र, नार्क

# राष्ट्रिय दूध विकास बोर्ड खारेजीको विरोध जुट्यो सरोकारवाला

सुनवाई नभए आन्दोलन गर्ने चेतावनी

काठमाडौं जेठ २३ भृकुटी मण्डपस्थित रिपोटर्स क्लवको सभाहलमा डेरी व्यवसायीहरुले दुग्ध विकास बोर्ड खारेजीको प्रस्तावको विरोधमा पत्रकार सम्मेलन गरेका छन् ।

पत्रकार सम्मेलनमा डेरि एशोसिएसनका अध्यक्ष प्रल्हाद दाहालले नेपाल सरकारले डेरि सेक्टरले पुऱ्याएको छ । डेरि क्षेत्रले नेपालको कुल ग्राहस्थ उत्पादनमा ९ प्रतिशत योगदान पुऱ्याएको बताउँदै । डेरि क्षेत्रलाई तहसनहस हुने आएको प्रस्ताव निन्दनिय भएको बताउनु भयो ।

२०१३ सालदेखि डेरी डिभलपमेन्ट बोर्ड र डेरि सेक्सन सञ्चालन ल्याएकोमा २०२६ सालमा दुध विकास संस्थान गठन गरि व्यावसायमा समेत अगाडि आएको बताए । २०४८ सालमा राष्ट्रिय दूध विकास बोर्डको गठन भयो । हाल ७ प्रदेशमा प्रदेश डेरी बोर्डको विस्तार गरि डेरि क्षेत्रको सक्रियता बढाएको छ । राष्ट्रिय दुग्ध विकास बोर्ड असफल पार्नमा राजनीतिक हस्तक्षेप रहेको, कार्यकारीमा राजनीतिक पार्टीबाट नियुक्त हुने गरेको छ । बजेट र काम गर्ने जनशक्ति छैन भने त्यसरी संस्था नचल्ने बताउनु भयो । बोर्डलाई खारेज गर्ने प्रस्ताव आउनमा राजनीतिक अस्थिरताको मुल कारण रहेको छ ।

अबको बाटो भनेको वजेट र जनशक्ति पुनसंरचना गर्न सुझाव दिन्छौं । धरासायी हुनमा बोर्ड बढी राजनीति भयो । प्रदेश बोर्डमा २० देखि ४० करोड वजेट र केन्द्रमा ५ करोड बोर्ड वजेट हुनु, खारेज गर्नु हुन्न किसानहरुलाई ठूलो मर्का पर्छ । ठूलो वजेटहरु नेपाली किसानहरु कसरी सरकारले सकेन भने आन्दोलन गर्छौं । सरकार सरोकारवाला हाम्रो मागको विषयमा सकारात्मक हुने विश्वास गरेको छु ।

साना किसान सहकारी संघका अध्यक्ष बाबुराम अधिकारीले बोर्डले दूध बिक्री गर्ने सहजीकरण गरेको छ । उद्योगी, किसान, उपभोक्ता बिचमा समन्वय गराउने काम गरेको छ । समन्वयकारी निकाय नहुँदा व्यवसायीहरुको मनोमानी बढ्छ । समय समस्या किसानहरुमा पर्ने सम्भावना छ । समय सन्दर्भ फराकिलो बनाउने ठाउँमा झन् खुम्च्याउने कार्य गरेको छ । किसानहरुको जस्तै समस्या आउन सक्छ । खारेजी हुनु हुँदैन । बोर्ड भनेको समवन्यकारी संस्था हो । विदेशी लगानी भित्रीने अवस्था आउन सक्छ । नेपाली डेरि एशोसिएसनका अध्यक्ष प्रल्हाद दाहालले । राज्यमा जेको चर्चा हुनुपर्छ त्यो हुँदैन । भैसी पालन बढाउनु पर्ने अवस्थामा विरोध होइन ध्यानाकर्षण हो । हामी व्यक्तिगत स्वार्थको लागि कोही आएको छैन । बोर्डले राम्रो काम गरेको कारण हामी आएका हौं ।

जान्छ र सरोकारवालासँग गरेको सकल्प पनि थाहा छैन ।

डेरि एशोसिएसन संघका अध्यक्ष राजकुमार दाहालले कानुनै छैन मुर्रा ल्याउने विषय । भारत सरकारले चाहेर पनि बेच्न सक्दैन । हामी यसतो निर्णय प्रति असहती राख्दै भत्सर्ना गर्छौं ।

नियन्त्रण गर्न विविध र संयन्त्र हुन्छ । २ सय प्रकारको परिकारहरु बन्छन् । निजी क्षेत्रको ३० अर्ब भन्दा बढी लगानी छ । सरकारले




दुग्ध विकास संस्थान र बोर्ड फरक हो । साँढे ५ करोड वजेट हुनुमा के सरोकार पऱ्यो ? किन खारेज गर्नु पऱ्यो ? ६३ प्रतिशत किसानहरु भएको देशमा चुप लाग्यो भने अन्याय हुनेछ । कलमको माध्यमबाट यसको आवाज वुलन्द होस् । राष्ट्रलाई घाटा हुने काम हामीले गरेका छैनौं । दुध बेच्नु हुन्न भन्ने कुरालाई घर(घरमा पुऱ्याएर ६२ लाख लिटर दुध उत्पादन ६ लाख प्रत्यक्ष रोजगार, १२ हजार अनौपचौरिक निजी क्षेत्रमा लगानी रहेको छ । दुधले मात्र ९ प्रतिशत योगदान दिएको छ । बोर्ड चाहिदैन भन्ने कोही पनि छैन ।

राष्ट्रिय दुग्ध सहकारी संघका अध्यक्ष रामकृष्ण खतिवडाले २ वर्षमा आत्मनिर्भर हुदै गएको व्यवसाय, सरकारको निर्णयको कारण फेरि बिथोलिन सक्छ । करेक्सन भएन भने सडकमा जान सक्छौं । दिनमा १२ करोड रुपैयाँ गाउँमा

सिङ्गो आँखाले हेर्नु पर्ने होइन र ? विकल्प नराखीकन कोल्याप्स गर्ने प्राविधिहरुको स्तरमा लानु पर्छ । हाम्रो समस्या राख्ने निकाय दुग्ध विकास बोर्ड खारेजीको सूचीमा राखेको प्रति असहमति छ ।

केन्द्रीय दुग्ध सहकारी संघका अध्यक्ष अमरबहादुर कुँवरले सरकारको निर्णयको गलत कदम प्रति भन्त्सर्ना गर्दै आन्दोलन गर्नु पर्ने वाध्यता आउने सक्ने बताउनु भयो ।

राष्ट्रिय दुग्ध विकास बोर्ड खारेज गर्नु हुन्न सरोकारवाला

**प्रेस विज्ञाप्ति :**

मिति २०८०/०२/२३

अम्वरबहादुर कुँवर अध्यक्ष केन्द्रीय दुग्ध सहकारी संघ, प्रल्हाद दाहाल अधयक्ष, नेपाल डेरी एशोसिएसन, राजकुमार दाहाल अध्यक्ष डेरी उद्योग संघ, बाबुराम अधिकारी अध्यक्ष

केन्द्रीय पशुपन्छी मत्स्य, सहकारी संघ, टेकबहादुर थापा अध्यक्ष नेपाल डेरी साइन्स एशोसिएसन, रामकृष्ण खतिवटा अध्यक्ष नेपाल भेटरीनरी एशोसिएसन, डा. लुमनिधी पाण्डे सदस्य नेपाल एनिमल साइन्स एशोसिएसन लगायत संघ(संस्थाहरुले संयुक्त प्रेस विज्ञाप्ति प्रकाशित गरिएको छ ।

